वर्ष २० | अंक १९९ | काठमाडौं | बुधवार, १७ वैशाख २०८२ | Wednesday, 30 April 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com

सीएनआई कोशीले बुझायो औद्योगिक सुधारका प्रस्ताव २
भृकुटीमण्डपमा 'बजाज ग्रान्ड कार्निभल' ३
कम्पनी दर्ताको आधारभूत पक्ष ४
रासायनिक मल खरीदमा लाग्ने समय घटाइयो ८



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,
९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८
भाइबरमा SMS मात्र गर्नुहोस्
हामी यताबाट कल गर्छौं ।

# स्वदेशमै परीक्षण भएका नेपाली खाद्यवस्तु भारत निर्यात शुरू

अभियान संवाददाता

काठमाडौं

नेपालको प्रयोगशालामा परीक्षण भएका स्वदेशी खाद्यवस्तु पहिलोपटक विनारोकटोक भारत निर्यात हुन थालेको छ । नेपालको नेशनल फुड एन्ड फिड ल्याबोरेटरीमा नमूना परीक्षण गरिएका नौ खाद्य समूहअन्तर्गतका वस्तु विनारोकटोक भारत निर्यात हुन शुरू भएको खाद्यप्रविधि तथा गुण नियन्त्रण विभागले बताएको छ ।




यसअघि गत चैत १९ मा भारतको खाद्य सुरक्षा र मापदण्ड प्राधिकरण (फुड सेफ्टी एन्ड स्टयान्डर्स अथोरिटी अफ इन्डिया) ले नेपालस्थित भारतीय दूतावासमार्फत उक्त खाद्यसमूहअन्तर्गतका वस्तुलाई विनारोकटोक आफ्नो मुलुकमा प्रवेश गर्न दिने भनी पत्राचार गरेको थियो ।

त्यसलगत्तै नेपालले ती खाद्यवस्तु नेपाली प्रयोगशालामा परीक्षण गरी भारत निर्यात गर्न थालेको विभागका प्रवक्ता मोहनकृष्ण महर्जनले आर्थिक अभियानलाई जानकारी दिए । फुड सेफ्टी एन्ड स्टयान्डर्स अथोरिटी अफ इन्डियाले नेपाली प्रयोगशालामा परीक्षण भएका १० खाद्य पदार्थ समूहअन्तर्गतका फ्याट्स एन्ड आयल, फ्रुट्स एन्ड भेजिटेबल, सिरियल्स प्रोडक्ट्स (चामल, गहुँ, मकै, कोदो), टी एन्ड कफी, मिल्क एन्ड डेरी प्रोडक्ट्स, हनी एन्ड स्वीटनर्स, मिट प्रोडक्ट, स्पाइसेज, प्रोसेस्ड ड्रिकिङ वाटर, डायटरी सप्लिमेन्टस्को परीक्षण प्रतिवेदनलाई मान्यता दिइसकेको छ ।

भारतले अहिले नौओटा खाद्यवस्तुको मात्र माग जारी गरेको प्रवक्ता महर्जनले जानकारी दिए । चिया र कफीसमेत उक्त सूचीमा रहे पनि हाल भारतबाट अर्डर नआएकाले परीक्षण हुन नसकेको उनले बताए । उनका अनुसार नेपालकै प्रयोगशालाले गुणस्तर प्रमाणीकरण गरेको प्रमाणपत्र, निर्यातसम्बन्धी प्रमाणपत्र र वस्तुको ब्याच (लट) नम्बर प्रमाणपत्रको आधारमा व्यवसायीले नौ खाद्यवस्तु भारत निर्यात गर्न थालिसकेका छन् ।

'फुड सेफ्टी एन्ड स्टयान्डर्स अथोरिटी अफ इन्डियाको टोलीले हाम्रो प्रयोगशाला निरीक्षण गरेर गएको छ । भारतलाई हामीले अहिले माग गरेभन्दा धेरै वस्तु पठाउन औपचारिक रूपमै अनुरोध गरेका छौं । भारतले हाम्रो अनुरोध स्वीकार गरेमा निकट भविष्यमै नेपालको प्रयोगशालामा परीक्षण भएका धेरै खाद्य वस्तु भारतमा विनारोकटोक निर्यात हुन सक्नेछन्,' महर्जनले भने ।

यसअघि २८६ प्यारामीटरसम्मको गुणस्तर परीक्षण गर्ने क्षमता रहेको नेपालको प्रयोगशालाले हाल ६३० प्यारामीटरसम्मको गुणस्तर परीक्षण र विश्लेषण गर्ने क्षमता राख्छ । यसअघि निर्यात प्रयोजनका लागि यी वस्तु परीक्षण गराउन व्यवसायी आफै भारतको लखनउ, कोलकातालगायत स्थानमा जानुपर्थ्यो । एउटै परीक्षणका लागि व्यवसायीले २५ हजार रुपैयाँसम्म खर्च गर्नुपर्ने बाध्यता थियो ।

## सुन सिफारिशमा शुल्क असुली

# व्यवसायीका संघ महासंघलाई सचेत गराउँदै राष्ट्र बैंकले भन्यो– कुनै शुल्क नलिनू

विजय दमासे

काठमाडौं

व्यवसायीलाई सुन खरीदका लागि सिफारिश गर्दा उनीहरूका प्रतिनिधिमूलक संस्थाले शुल्क असुलिरहेको गुनासो आएपछि राष्ट्र बैंकले त्यसो नगर्न यस्ता संस्थालाई सचेत गराएको छ ।

राष्ट्र बैंकले जारी गरेको 'सुन आयात तथा विक्री वितरणसम्बन्धी कार्यविधि, २०६८' अनुसार सुन व्यवसायीका प्रतिनिधिमूलक संस्थाको सिफारिशका आधारमा वाणिज्य बैंकहरूले सुन व्यवसायीलाई सुन विक्री गर्ने गरेका छन् । यसरी सिफारिश गर्दा संस्थाहरूले निश्चित शुल्क लिने गरेको संस्थाको नेतृत्व तहले स्वीकार गरेको छ । मंगलवार एक सूचना प्रकाशित गर्दै राष्ट्र बैंकले त्यसरी शुल्क उठाउनु 'सुन आयात तथा विक्री वितरणसम्बन्धी कार्यविधि, २०६८' विपरीत रहेको उल्लेख गरेको छ ।

'उक्त कार्यविधिको दफा १४ मा व्यवस्था भएबमोजिम सुन व्यवसायसम्बन्धी संघ र महासंघले वाणिज्य बैंकबाट सुन खरीद गर्ने व्यवसायीलाई सिफारिश गर्दा कुनै पनि प्रकारको दस्तुर वा शुल्क लिन नपाइने व्यवस्था रहेकाले सुन खरीदका लागि सिफारिश प्रदान गर्ने संघ, महासंघ र सिफारिश लिने व्यवसायीले उक्त व्यवस्थाको पालना गर्नु,' राष्ट्र बैंकले मंगलवार सचेत गराउँदै भनेको छ । नेपालमा वाणिज्य बैंकहरूले मात्र सुन आयात गर्न पाउँछन् । व्यवसायीले वाणिज्य बैंकबाट किन्नुपर्छ । बैंकबाट सुन किन्न व्यवसायसँग सम्बद्ध संघ वा महासंघको सिफारिश चाहिन्छ । व्यवसायीका अनुसार पाँचओटा संघ/महासंघले आफ्ना सदस्य व्यवसायीलाई सुन सिफारिश गर्दै आएका छन् । संघ र महासंघको सिफारिशकै आधारमा बैंकहरूले व्यवसायीलाई सुन बेचिरहेका छन् ।



> विगतमा प्रतितोला ६ हजार रूपैयाँको दरले शुल्क तिरेको थिएँ ।
>
> **नरेन्द्रकुमार गुप्ता**
> सञ्चालक
> रिद्धिसिद्धि ज्वेलर्स

हाल नेपाल सुनचाँदी व्यवसायी महासंघ, सुनचाँदी रत्न आभूषण महासंघ, नेपाल सुनचाँदी रत्न आभूषण संघ काठमाडौं, नेपाल हस्तकला महासंघ र कला व्यवसायी संघले सुन किन्न सिफारिश दिने गरेका छन् । रिद्धिसिद्धि ज्वेलर्सका सञ्चालक नरेन्द्रकुमार गुप्ताले विगतमा आफूले प्रतितोला ६ हजार रुपैयाँका दरले शुल्क तिरेको आर्थिक अभियानलाई बताए । विगतमा प्रतिनिधिमूलक संस्थाको सिफारिशविना पनि सुन पाउनुपर्ने भन्दै उनले कानूनी लडाइँ लडेका थिए । सर्वोच्च अदालतले उनको पक्षमा फैसला गरेको थियो ।

अर्का एक सुन व्यवसायीले सिफारिशबापत प्रतिकिलो २ हजारदेखि ३ हजार रुपैयाँ शुल्क लिने गरेको बताए । नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष अर्जुन रसाइलीले महासंघले सुन सिफारिश गर्दा 'सिफारिश शुल्क' भनेर रकम लिने नगरेको तर महासंघलाई सहयोगको रूपमा लिने गरेको स्वीकारे ।

वाणिज्य बैंकहरूले दैनिक अधिकतम २० किलोसम्म सुन आयात गरेर व्यवसायीलाई बेच्दै आएका छन् । व्यवसायीका अनुसार सुनको भाउ चर्को बढेकाले अहिले व्यापार शून्यमै झरेको छ । अनावश्यक शुल्कले व्यवसायीलाई आजित बनाउने गरेको छ ।

## सहकारी पीडित सडकमा

# नियमन प्राधिकरणमा पदाधिकारी नियुक्ति कहिले ?

- प्राधिकरण स्थापनाको ३ महीना हुँदा पनि सरकारले अध्यक्ष तथा सदस्यको पदपूर्ति गरेन
- कानूनी जटिलताका कारण प्राधिकरणमा नियुक्ति प्रक्रिया अघि बढ्न नसकेको सरकारी भनाइ

अभियान संवाददाता

काठमाडौं

सर्वसाधारणको बचत फिर्ता गर्न नसकी समस्याग्रस्त हुने सहकारीको संख्या बढिरहेको छ, बचतकर्ता सडकमा आन्दोलन गरिरहेका छन् । तर, बचत तथा ऋण सहकारीको नियमनका लागि गठन भएको निकाय राष्ट्रिय सहकारी नियमन प्राधिकरण अलपत्र अवस्थामा छ । अध्यादेशमार्फत ऐन संशोधन गरी स्थापना गरिएको प्राधिकरण ३ महीना बितिसक्दा पनि सरकारले अध्यक्ष तथा सदस्यको पदपूर्ति नगर्दा भूमिकाविहीन बनेको हो ।


सरकारले प्राधिकरणको औपचारिक उद्घाटन गर्न भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयका सचिव अर्जुनप्रसाद पोखरेललाई अध्यक्ष तोकेर काम शुरू गरेको थियो । तर, पोखरेलले सचिव अवकाश लिएसँगै २ सातायता प्राधिकरणको अध्यक्ष पद रिक्त छ । मन्त्रालय स्रोतका अनुसार अहिलेसम्म प्राधिकरणमा पदाधिकारी नियुक्तिको प्रक्रिया नै शुरू भएको छैन । 'ऐनअनुसार सरासर काम गर्ने हो भने पनि नियुक्ति गर्न ३ महीना लाग्छ,' मन्त्रालयका एक उपसचिवले भने, 'खै किन हो अहिलेसम्म यो काम मन्त्रालयको प्राथमिकतामा देखिँदैन ।'


भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारणमन्त्री रामनाथ अधिकारी भने कानूनी जटिलताका कारण प्राधिकरणमा नियुक्ति प्रक्रिया अघि बढ्न नसकेको दाबी गर्छन् । 'यसअघि कानूनी समस्याका कारण अध्यक्ष नियुक्ति प्रक्रिया अघि बढाउन सकेनौं,' उनले भने, 'छिट्टै नयाँ अध्यक्षका नियुक्ति अगाडि बढाउँछौं, प्राधिकरणले गति लिन्छ ।' अध्यक्ष नियुक्त नभएसम्मका लागि मन्त्रालयमा सचिवलाई नै जिम्मेवारी दिने उनले बताए । सरकारले पुस दोस्रो साता अध्यादेशमार्फत सहकारी ऐन, २०७४ संशोधन गरी बचत तथा ऋण सहकारीको नियमनका लागि प्राधिकरणको प्रावधान राखेको हो । अध्यादेशको प्रावधानअनुसार राष्ट्रिय सहकारी विकास बोर्ड खारेज गरी गठन भएको प्राधिकरणको माघ १४ गते मन्त्री अधिकारीले उद्घाटन गरेका थिए ।


पाँच सदस्यीय प्राधिकरणमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक, भूमि व्यवस्था मन्त्रालयका सहकारी हेर्ने सहसचिवका साथै एक चार्टर्ड एकाउन्टेन्ट र एक जना सदस्य रहने व्यवस्था छ । हाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेल र मन्त्रालयका सहसचिव मदन कोइराला प्राधिकरणमा सदस्य छन् । ऐनमा प्राधिकरणको अध्यक्ष सिफारिश गर्न लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको आयोगको सदस्यको संयोजकत्वमा पूर्वअर्थसचिव र आर्थिक तथा वित्तीय, कानून वा सहकारी क्षेत्रमा १५ वर्ष अनुभव भएको व्यक्ति सदस्य रहने समितिको व्यवस्था छ । अध्यादेशमा अध्यक्ष छनोट गर्ने समितिको सदस्यमा पूर्वगभर्नरलाई राखिएको थियो । तर, समितिमा बस्न पूर्वगभर्नरहरूले अस्वीकार गरेपछि नियुक्ति प्रक्रिया अघि बढ्न सकेन । त्यसपछि चैत पहिलो साता प्रतिस्थापन विधेयकमार्फत पूर्वगभर्नरको स्थानमा पूर्वअर्थसचिव राखिएको छ । ऐनको व्यवस्थाअनुसार छनोट समितिले १५ दिनको सार्वजनिक सूचनामार्फत आवेदन माग गरी योग्यता पुगेका तीन जनाको नाम नियुक्तिका लागि सरकारमा सिफारिश गर्न सक्छ । त्यसमध्येबाट सरकारले प्राधिकरणको अध्यक्ष नियुक्त गर्ने व्यवस्था छ ।

ऐनमा प्राधिकरणको अध्यक्षका लागि अर्थशास्त्र, वाणिज्य, व्यवस्थापन, लेखा, कानून वा सहकारी विषयमा कम्तीमा स्नातकोत्तर तहको शैक्षिक उपाधि प्राप्त गरी कम्तीमा राजपत्रांकित प्रथम श्रेणी वा सो सरहमा कार्य गरेको वा अन्तरराष्ट्रिय वा राष्ट्रिय स्तरका बैंक वा वित्तीय संस्था वा सहकारी संस्थामा रही कम्तीमा १५ वर्ष कार्य अनुभव भएको योग्यता तोकिएको छ ।

यस्तै विज्ञका रूपमा अर्थशास्त्र, वाणिज्य, व्यवस्थापन, लेखा, कानून वा सहकारी विषयमा कम्तीमा स्नातकोत्तर उत्तीर्ण गरी अन्तरराष्ट्रिय वा राष्ट्रिय स्तरका बैंक वा वित्तीय संस्था वा सहकारीको अधिकृत स्तरमा कम्तीमा १० वर्ष कार्य अनुभव भएको हुनुपर्ने प्रावधान छ । यसैगरी चार्टर्ड एकाउन्टेन्टहरूमध्ये पनि कम्तीमा १० वर्ष कार्य अनुभव भएको व्यक्तिलाई सरकारले नियुक्त गर्न सक्ने प्रावधान छ ।




# नियमित रोजगारीका श्रमिक घट्दै

काठमाडौं । नियमित रोजगारीमा रहेका श्रमिकको संख्या घटेको एक गैरसरकारी प्रतिवेदनले देखाएको छ । नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) ले मंगलवार सार्वजनिक गरेको श्रम अडिट प्रतिवेदन २०८१ मा नियमित रोजगारीमा रहेका श्रमिकको संख्या अघिल्लो वर्षको तुलनामा १० दशमलव ८४ प्रतिशतले घटेको विश्लेषण प्रस्तुत गरिएको छ ।

२०८० मा गरिएको श्रम अडिट प्रतिवेदनमा प्रतिष्ठानको प्रत्यक्ष रोजगारीमा रहेका श्रमिकमध्ये ५९ दशमलव ७२ प्रतिशत नियमित रोजगारीमा रहेको उल्लेख थियो । २०८१ सालमा श्रम अडिट गरिएका प्रतिष्ठानमा ५३ दशमलव ३५ प्रतिशत श्रमिक नियमित रोजगारीमा कार्यरत पाइएको जिफन्टका अध्यक्ष विनोद श्रेष्ठले बताए । उनका अनुसार आपूर्तिकर्तामार्फत कार्यरत श्रमिक संख्या बढेको छ । नियमित रोजगारीमा श्रमिकको संख्या घट्नुको मुख्य कारण श्रमिक आपूर्ति (आउटसोर्स) भएको जिफन्टको दाबी छ ।

यस्तै वैदेशिक रोजगारीप्रतिको आकर्षणले पनि नियमित रोजगारी घटेको हुनसक्ने बताइएको छ । २०८० सालमा श्रमिक आपूर्तिकर्ता (आउटसोर्स) कम्पनीमार्फत काम गर्ने श्रमिक ९ दशमलव ९३ प्रतिशत रहेकोमा २०८१ मा बढेर १४ दशमलव ९१ प्रतिशत पुगेको छ । अध्यक्ष श्रेष्ठले आउटसोर्स कम्पनी श्रमशोषण गर्ने मुख्य केन्द्रका रूपमा देखिएको बताए । प्रतिवेदनअनुसार श्रमिक आपूर्तिकर्ता (आउटसोर्स) कम्पनीमार्फत काम गर्ने श्रमिकलाई न्यूनतम पारिश्रमिक र ओभरटाइम आदि आधारभूत सुविधा नदिने कम्पनी २०८० मा ७२ दशमलव ६ प्रतिशत रहेकोमा अहिले बढेर ७७ दशमलव २ प्रतिशत पुगेको छ । उत्पादनमूलक उद्योग/प्रतिष्ठान, गार्मेन्ट, जुट, टेक्सटायल, होटल, ट्रेकिङ, ट्राभल्स, प्रिटिङ प्रेस, सहकारी, स्वास्थ्यक्षेत्रका निजी अस्पताल, निजी विद्यालय, निर्माण तथा श्रमिक आपूर्तिकर्ता कम्पनी गरी जम्मा ३२७ ओटा प्रतिष्ठानको श्रम अडिट प्रतिवेदनबाट श्रम कानून कार्यान्वयनको अवस्था अध्ययन विश्लेषण गरी जिफन्टले यस प्रतिवेदन तयार गरेको बताएको छ । *रासस*

मधेश प्रदेश सरकार
उर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय
खानेपानि तथा सरसफाई डिभिजन कार्यालय
जलेश्वर, महोतरी

बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

प्रकाशित मिति : २०८२-०१-१७

यस कार्यालयबाट मिति २०८१/११/२७ को आर्थिक अभियान र मिति २०८१/१२/११ को जनकपुर टुडे राष्ट्रिय दैनिकमा प्रकाशित सुचना अनुसार यस कार्यालयमा तपसिल उल्लेखित ठेक्का न. कालागि दर्ता हुन आएका बोलपत्रहरु मध्ये निम्न बोलपत्रहरु बोलपत्र मुल्यांकन समितिबाट न्युनतम मुल्यांकित र सारभूत रुपमा प्रभावकारी भई स्वीकृतिको लागि छनौट र सिफारिस भै आएकोले सार्वजनिक खरिद एन २०६३ को दफा २७ (२) र दफा ४७ (१) प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| Contract No. | Description of Work | Substantially Responsive Lowest Evaluated Bidder's Name and Address | Evaluated Bid Price (with VAT & PS) |
|---|---|---|---|
| WSSDO/Mahottari/Works/ NCB/01/081/82 | Drilling and Installation work of 10" Deep Tubewell at Sisawa Kataiya WSP, Manara Sisawa Na.Pa.-5, Mahottari | Vedant Builders, Gatthaghar-3, Bhaktapur | 23,16,780.00 |
| WSSDO/Mahottari/Works/ NCB/02/081/82 | Drillig & Installation work of 150mm dia Deep Tubewell at Bahun Tole wsp Ganeshman Na. pa 5, Dhanusha | Vedant Builders, Gatthaghar-3, Bhaktapur | 21,58,580.00 |
| WSSDO/Mahottari/Works/ NCB/03/081/82 | Drillig & Installation work of 150mm dia Deep Tubewell & its Accessories at District Police Office, Jaleshwar, Mahottari. | Vedant Builders, Gatthaghar-3, Bhaktapur | 30,83,007.87 |
| WSSDO/Mahottari/Works/ NCB/04/081/82 | Drilling and Installation work of 10" Deep Tubewell at Mithala Bihari na. pa. 5 Laliya Water Supply Project, Dhanusha | New Reshma Construction and Drilling Sewa, Biratnagar-4,Morang | 25,39,955.00 |
| WSSDO/Mahottari/Goods/ NCB/05/081/82 | Supply and Delivery of HDPE Pipes for Madhawa Bathnaha Brihat WSP, Mahottari | Budhi Ganga Gaupalika-05, Hathimuda, Pothiya Koshi, Morang | 30,80,696.40 |
| WSSDO/Mahottari/Works/ NCB/06/081/82 | Drilling and Installation works of 4" Dia.PVC Deep Tubewell-4 Nos at Ram Gopalpur Na. Pa.4 and 5, , Mahottari | Satyam Construction, Birgunj, Parsa | 24,53,202.61 |
| WSSDO/Mahottari/Works/ NCB/07/081/82 | Drilling and Installation works of 4" PVC Deep Tubewell-4 Nos at Different Places of Samsi Ga. Pa. | Satyam Construction, Birgunj, Parsa | 21,96,156.04 |
| WSSDO/Mahottari/Works/ NCB/08/081/82 | Drilling and Installation work of 10" Deep Tubewell at Ganga Sagar, Janakpur-4 | Aarohi Deep Boaring Udhyog, Janakpur-14 | 28,84,605.00 |
| WSSDO/Mahottari/Goods/ NCB/09/081/82 | Drilling and Installation Work of 150 mm dia Deep Tubewell at Ganeshman Charnath Na. Pa.-5 and Drilling and Installation Work of 100 mm Dia Deep Tubewell at Chaminimai Temple, Mithila Na. Pa. – 4, Dhanusha | Purbanchal Ground Water Tube Well Udhyog, Biratnagar-03, Morang | 42,35,400.00 |
| WSSDO/Mahottari/Goods/ NCB/10/081/82 | Drilling and Installation of 4" PVC Deep Tubewell – 2 Nos at Janakpur-09 | Aarohi Deep Boaring Udhyog, Janakpur-14 | 12,44,392.85 |

खरिद कार्य स्थगन सम्बन्धि सुचना

यस कार्यालयबाट आर्थिक अभियान रास्ट्रिय दैनिक पत्रिकामा मिति २०८२-०१-०२ गते प्रकाशित सुचनामा उल्लेख भएका तपसिलका निर्माण कार्यहरुको बोलपत्र आह्वान सम्बन्धि कार्य बजेट कट्टा भएको कारणले हाललाई स्थगित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल:

| Contract No. | Description of Work |
|---|---|
| WSSDO/Mahottari/Works/ NCB/19/081/82 | Drilling & Installation work of 150 mm Dia. Deep Tubewell at Mithila Na. Pa.- 1, Dhanusha |
| WSSDO/Mahottari/Works/ NCB/20/081/82 | Drilling & Installation work of 4 inch Dia. Deep Tubewell within periphery of Bridhashram, Mithila Na. Pa.- 3, Dhanusha |
| WSSDO/Mahottari/Works/ NCB/22/081/82 | Drilling & Installation work of 4 inch Dia. Deep Tubewell- 3 nos at Various Places of Janakpur Sub. Metropolitan City, Dhanusha |
| WSSDO/Mahottari/Goods/ NCB/26/081/82 | Supplying, Erection, Installation, Testing and Commissioning of Tower Lights at Various Places of Janakpur Sub Metropolitan City, Dhanusha |

# सीएनआई कोशीले बुझायो औद्योगिक सुधारका प्रस्ताव

विराटनगर (अस) । नेपाली उद्योग परिसंघ (सीएनआई), कोशी प्रदेशले औद्योगिक विकास, कर सुधार र आर्थिक शिथिलत समाधानका लागि ३२ पृष्ठको प्रस्ताव नेपाली कांग्रेसलाई बुझाएको छ । सीएनआई कोशी प्रदेशका अध्यक्ष पवनकुमार सारडाले सोमवार काठमाडौंमा कांग्रेस उद्योग तथा वाणिज्य विभागले आयोजना गरेको अन्तरक्रियामा नेपाली कांग्रेसका महासचिव गगन थापालाई सुझाव पेश गरेका हुन् ।

कार्यक्रममा अध्यक्ष सारडाले देशको औद्योगिक क्षेत्र अस्तव्यस्त रहेको र तत्काल सुधारात्मक नीतिहरूको आवश्यकता रहेकोमा जोड दिए । उनले भन्सार नीतिहरूले चिनी, खाद्यान्न, कपडा जस्ता वस्तुको मूल्य अत्यधिक बढाएको उल्लेख गरे, जसको परिणामस्वरूप सीमापार बजार फस्टाउँदै गर्दा नेपाली बजार सुनसान भएको उनको भनाइ थियो ।

उच्च भन्सार दरका कारण साधारण नागरिक मात्र नभई घरेलु उद्योगले पनि संकटको सामना गरिरहेको उनले बताए । 'हाल धेरैजसो उद्योगहरू आधा भन्दा कम क्षमतामा सञ्चालन भइरहेका छन्, जसले बेरोजगारी समस्या बढाएको छ । हामी उत्पादन गर्न सक्छौं, तर बजार छैन, बैंकको ऋण तिर्न सकिरहेका छैनौं, कच्चा पदार्थ महँगो छ,' सारडाले भने । सिएनआई कोशी प्रदेशले खाद्य वस्तु र कच्चा पदार्थमा अग्रिम आयकर प्रणाली खारेज गर्न समेत माग गरेको छ। यसैगरी सीएनआईले अमरडुवामा लगभग ६०० बिघा जग्गामा औद्योगिक ग्रामको रूपमा विकास गर्ने, यस वर्षभित्र कोशी प्रदेशमा प्रदर्शनी केन्द्र पूरा गर्ने, विराटनगरमा चक्रपथ वा बाइपास सडक निर्माणका साथै रानी-किमाथांका सडक र हुलाकी मार्ग स्तरोन्नति गर्नुपर्ने सुझाव दिएको छ ।

# द ब्रिटिस कलेज र फिक्कल गाउँपालिकाबीच सहकार्य



काठमाडौं (अस)। द ब्रिटिस कलेज (टीबीसी) र सिन्धुलीको फिक्कल गाउँपालिकाबीच नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धनका लागि सहकार्य भएको छ । ब्रिटिस एजुकेशन ग्रुप अन्तर्गतको ब्रिटिस कलेजका सह-संस्थापक तथा कार्यकारी निर्देशक महेन्द्रराज कँडेल र गाउँपालिकाकी अध्यक्ष पार्वती सुनुवारले नवप्रवर्तन, उद्यमशीलता र दिगो विकासलाई प्रवर्द्धनका लागि सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् ।

ब्रिटिस कलेज इन्क्युबेसन सेन्टरका प्रमुख गणेश पौडेल र गाउँपालिकाका उपाध्यक्ष राजु बराल सो क्रममा उपस्थित थिए । सम्झौतामा दुवै संस्थाले स्थानीय उद्यमीका लागि स्टार्टअप इन्क्युबेसन तथा मार्गदर्शन गर्ने, डिजिटल साक्षरता, व्यापार तथा प्रविधिमा शीप विकास कार्यशालाको आयोजना गर्ने उल्लेख छ । त्यस्तै कृषि प्रविधि, ग्रामीण पर्यटन तथा हस्तकलामा आधारित स्टार्टअपमा सहयोग गर्ने, स्मार्ट गाउँ तथा डिजिटल शासन प्रणालीको प्रवर्द्धन गर्ने, उद्यमशीलतासम्बन्धी नीति निर्माणमा सहयोग गर्ने साथै ग्रामीण नवप्रवर्तकलाई बजार तथा लगानी पहुँच विस्तार गर्ने योजना रहेको बताइएको छ ।

कलेजका कार्यकारी निर्देशक कँडेलले यो साझेदारी टीबीसीको ग्रासरुटमा आधारित नवप्रवर्तनप्रतिको प्रतिबद्धता भएको बताए । 'हाम्रो इन्क्युबेसनमा जोडिएका विद्यार्थी तथा व्यावसायिक संस्थाबीचका विशेषज्ञता प्रयोग गरी फिक्कलका युवा र किसानको उद्यमशील सम्भावनाको खोजी र अनुसन्धान गर्दै त्यसलाई बजार र प्रविधिसँग जोड्ने कार्यको थालनी हुनेछ,' उनले भने । त्यस्तै गाउँपालिका अध्यक्ष सुनुवारले यो समझदारी समुदायका लागि रूपान्तरणकारी कदम भएको बताइन् । टीबीसीसँगको सहकार्यले रोजगारी सृजना, शीप अभिवृद्धि र स्थानीय अर्थतन्त्रलाई बलियो बनाउन सहयोग पुऱ्याउने उनको अपेक्षा छ ।

### नेपाल मैदा संघको २४औं वार्षिक साधारणभा

# भारतीय कृषि अनुसन्धान कम्पनी एग्रिवाचसँग समझदारी




काठमाडौं (अस) । नेपाल मैदा उद्योग संघको २४औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीको प्रमुख आतिथ्यमा गत शुक्रवार सम्पन्न सभामा संघ र भारतमा कृषि अनुसन्धान तथा विकासको काम गर्ने कम्पनी एग्रिवाचबीच महत्त्वपूर्ण समझदारी भएको छ ।

समझदारीअनुसार उक्त कम्पनीले नेपालमा कृषि सूचना, विश्लेषण तथा परामर्श सेवा प्रदान गर्नेछ । खासगरी भू-उपग्रह प्रविधिको माध्यमबाट नेपालको कृषि क्षेत्रको वैज्ञानिक विश्लेषण गर्ने दिशामा पहिलोपटक निजीक्षेत्रबाट यसप्रकारको समझदारी गरिएको संघले बताएको छ ।

उक्त पहलले आगामी तीन वर्षभित्र नेपाललाई गहुँमा आत्मनिर्भर बनाउने लक्ष्य हासिल गर्न समेत सघाउने विश्वास संघको छ । यसका लागि नेपाल सरकार, निजीक्षेत्र तथा अन्य सरोकारवाला निकायहरूको सशक्त सहकार्य आवश्यक हुने संघका अध्यक्ष कुमुद दुगडले बताएका छन् ।

संघ र उक्त कम्पनीबीच भएको समझदारी कार्यान्वयनले देशभरका कृषि वस्तुको मूल्य संकलन र दैनिक, साप्ताहिक तथा मासिक बजार विश्लेषण रिपोर्टमार्फत कृषक र व्यापारीलाई निर्णय गर्न सहयोग पुऱ्याउने बताइएको छ । यस्तै उत्पादन, उपभोग, आयात-निर्यात विश्लेषणसहित बजार प्रवृत्तिको जानकारी, बीउ, मल लगायतका कृषिका लागि आवश्यक वस्तुबारे अध्ययन र कृषकलाई उपयुक्त बाली छनोटमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

यसैगरी एआई आधारित बाली विश्लेषण, व्यक्तिगत कृषि परामर्श र डिजिटल बजार जडान सेवामार्फत कृषकलाई प्रविधिमा सशक्तीकरण गर्ने, ताजा कृषि समाचार, वस्तु मूल्य र बजार रिपोर्ट प्रकाशित गरी अद्यावधिक जानकारी उपलब्ध गराउने समझदारीपत्रमा उल्लेख छ । नेपालको खाद्य सुरक्षाका लागि यस्तो सहकार्य महत्त्वपूर्ण भएको र देशलाई गहुँजस्ता खाद्यान्नमा आत्मनिर्भर बनाउने दिशामा कोशेढुंगा सावित हुने संघले बताएको छ ।


## तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलवन्दी बोलपत्र आह्वान गरिएको सूचना

**सूचना प्रकाशित मितिः २०८२/०१/१७**

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीहरुले ऋण कर्जा लिदाको बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य लेना रकम आदी चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले देहाए अनुसार ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीले कर्जाको साँवा, व्याज तथा अन्य लेना रकम भुक्तान नगरेको हुँदा ऋण कर्जा उपभोग गरे वापत संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलवन्दी बोलपत्र प्रकृयाद्धारा लिलाम विक्री गरी संस्थाको लेना रकम असुल उपर गरी लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ दिने सूचना प्रकाशित गरिएको छ । उल्लेखित सम्पत्ति खरिद गर्न इच्छुक ब्यक्ती तथा संस्थाले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रहि गोप्य शिलवन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकेको खण्डमा संस्थाले धितो सकार गर्न सक्ने छ । वित्तीय संस्थाको नाममा दा.खा. भइ आए पश्चात बिक्रीबाट संस्थाको सम्पूर्ण वक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानीकर्ताहरुको घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडी बढाइने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ । साथै ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानत दिनुहुने महानुभावहरुलाई समेत कालोसूचिमा समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ । यसै सूचनालाई आधार मानेर ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानी दिनुहुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै वित्तीय संस्थामा उपस्थित भएर बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरेमा लिलामी प्रकृया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | जमानीकर्ताको विवरण | |
|---|---|---|
| **१) ऋणीको नाम : भिखारी राउत**<br>बाबु : भोला राउत कुर्मी<br>बाजे : रुपन राउत कुर्मी<br>पत्नी : चनर जोती देवी<br>ठेगाना : बिश्रामपुर गा.वि.स.-९, रौतहट<br>हाल : वृन्दावन न.पा.-२, रौतहट<br>ना.प्र.नं : ४५५<br>जारी मितिः २०४४/११/२८, रौतहट<br>**कर्जा शिर्षक : व्यक्तिगत कर्जा**<br>**शाखा कार्यालय : चन्द्रनिगाहपुर शाखा, रौतहट** | **क) नाम : चनर जोती देवी**<br>बाबु : सुखल राउत कुर्मी<br>पति : भिखारी राउत<br>ससुरा : भोला राउत कुर्मी<br>ठेगाना : बिश्रामपुर गा.वि.स.-९, रौतहट<br>हाल : वृन्दावन न.पा.-२, रौतहट<br>ना.प्र.नं : ०३२३०९७/१२१७<br>जारी मितिः २०६३/१२/३०, रौतहट | **ख) नाम : चुनचुन कुमार**<br>बाबु : भिखारी राउत<br>बाजे : भोला राउत कुर्मी<br>ठेगाना : वृन्दावन न.पा.-२, रौतहट<br>ना.प्र.नं : ३२-०२-७७-०१३८३<br>जारी मिति : २०७७/०६/३०, रौतहट |

**३५ दिने सार्वजनिक सूचना प्रकाशित मिति : २०८१/०८/२१ (कारोबार राष्ट्रिय दैनिक पत्रिका)**
**१५ दिने लिलाम सम्बन्धी प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/१०/२५ (नयाँ पत्रिका राष्ट्रिय दैनिक)**

**धितो सुरक्षणमा राखिएको सम्पत्तिको विवरण : जग्गा** **धितो दिने/जग्गाधनीको नाम : भिखारी राउत**

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं/नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (बि.क.धु.क) | कैफियत |
|---|---|---|---|---|---|
| रौतहट | विश्रामपुर | ९/९ | १७१३ | ०-०-४-० (६७.७२ व.मि.) | सो जग्गामा निर्माण भएका तथा भविष्यमा निर्माण हुने सम्पूर्ण संरचनाहरु तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |
| | | | १७४१ | ०-०-५-० (८४.६६ व.मि.) | |

| ऋणीको विवरण | जमानीकर्ताको विवरण | |
|---|---|---|
| **२) ऋणीको नाम : रहिश प्रताप राणा**<br>बाबु : अविमन्दु प्रताप राणा<br>बाजे : कर्ण प्रताप<br>ठेगाना : बर्दिबास गा.वि.स.-२, महोत्तरी<br>हाल : चन्द्रपुर न.पा.-४, रौतहट<br>ना.प्र.नं : १८-२-०७४/२१२३<br>जारी मिति : २०७३/०७/०३, महोत्तरी<br>**कर्जा शिर्षक : व्यक्तिगत आवासिय घर कर्जा**<br>**शाखा कार्यालय : चन्द्रनिगाहपुर शाखा, रौतहट** | **क) नाम : अविमन्दु प्रताप राणा**<br>बाबु : कर्ण प्रताप<br>बाजे : फबिन्द्र प्रताप जंग राणा<br>पत्नी : मुक्ता ठकुरी<br>ठेगाना : पुरानो झाङ्गाझोली गा.वि.स.-८, सिन्धुली<br>हालः चन्द्रपुर न.पा.-४, रौतहट<br>ना.प्र.नं : १७३१/४३३८<br>जारी मिति : २०४२/८/१८, सिन्धुली | **ख) नाम : मुक्ता ठकुरी**<br>बाबुः वीर बहादुरज्यू ठकुरी<br>पति : अविमन्दु प्रताप राणा<br>ससुराः कर्ण प्रताप<br>ठेगानाः बर्दिबास गा.वि.स.-२, महोत्तरी<br>हाल : चन्द्रपुर न.पा.-४, रौतहट<br>ना.प्र.नं : ०४९२३९९१<br>जारी मिति : २०३६/२/८, महोत्तरी |

**३५ दिने सार्वजनिक सूचना प्रकाशित मिति : २०८१/०८/२१ (कारोबार राष्ट्रिय दैनिक पत्रिका)**
**१५ दिने लिलाम सम्बन्धी प्रथम पटक सूचना प्रकाशित मिति :२०८१/१०/२५(नयाँ पत्रिका राष्ट्रिय दैनिक)**

**धितो सुरक्षणमा राखिएको सम्पत्तिको विवरण : जग्गा** **धितो दिने/जग्गाधनीको नाम : रहिश प्रताप राणा**

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं/नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (बि.क.धु.क) | कैफियत |
|---|---|---|---|---|---|
| रौतहट | सन्तपुर म. | २/२ | ७७१ | ०-३-०-० (१०१५.८९ व.मि.) | सो जग्गामा निर्माण भएका तथा भविष्यमा निर्माण हुने सम्पूर्ण संरचनाहरु तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

| ऋणीको विवरण | प्रोप्राइटर/जमानीकर्ताको बिबरण | जमानीकर्ताको विवरण |
|---|---|---|
| **३) ऋणीको नाम : मुराद फ्रुड सेन्टर**<br>दर्ता नं. : ५७८३/५२१/५१ (चन्द्रपुर न.पा.)<br>दर्ता मिति : २०७४/१०/२४<br>(घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहट)<br>ठेगाना : चन्द्रपुर न.पा.-०४, रौतहट<br>स्थायी लेखा नं. : ६०७४८७५७२<br>स्थायी लेखा मिति : २०७४/१०/२४<br>**कर्जा शिर्षक : व्यापारिक कर्जा**<br>**शाखा कार्यालय : चन्द्रनिगाहपुर शाखा, रौतहट** | **क) नाम : खुशबु नेसा**<br>बुबा : इनुस मसुंरी<br>ससुराः हनिफ मिया धुनिया<br>पति : मुराद मंसुरी<br>ठेगानाः सिम्राभवानीपुर गा.वि.स.-७, रौतहट<br>हाल : चन्द्रपुर न.पा.-०४, रौतहट<br>ना.प्र.नं : ३२३०७१-९७४<br>जारी मिति : २०६४-०१-१०, रौतहट | **ख) नाम : मुराद मंसुरी**<br>बुबा : हनिफ मिया धुनिया<br>बाजे : मुलजिम मिया<br>पत्नीः खुशबु नेसा<br>ठेगानाः पोखरिया न.पा-०८, पर्सा<br>हाल : चन्द्रपुर न.पा.-०४, रौतहट<br>ना.प्र.नं : ३४-०१-७४-०५७९४<br>जारी मिति : २०७४-०४-१९, पर्सा |

**३५ दिने सार्वजनिक सूचना प्रकाशित मिति : २०८१/०७/१४ (कारोबार राष्ट्रिय दैनिक पत्रिका)**
**१५ दिने लिलाम सम्बन्धी प्रथम पटक सूचना प्रकाशित मिति :२०८१/१०/२५ (नयाँ पत्रिका राष्ट्रिय दैनिक)**

**धितो सुरक्षणमा राखिएको सम्पत्तिको विवरण : जग्गा** **धितो दिने/जग्गाधनीको नाम : खुशबु नेसा**

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं/नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (बि.क.धु.क) | कैफियत |
|---|---|---|---|---|---|
| रौतहट | डुमरिया मटियौन | २ /२ ख | १६१५ | ०-१-०-० (३३८.६३ व.मि.) | सो जग्गामा निर्माण भएका तथा भविष्यमा निर्माण हुने सम्पूर्ण संरचनाहरु तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

| ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| **४) ऋणीको नाम : ठाकुर किराना पसल**<br>दर्ता नं. :८२०६/८६१, दर्ता मिति :२०७६/०७/१९<br>(घरेलु तथा साना उद्योग कार्यालय, रौतहटमा दर्ता कायम भएको)<br>फर्मको ठेगाना : सखुअवा धमौरा-०६, रौतहट<br>स्थाई लेखा नं. : ६१२३४६९०३, स्थाई लेखा दर्ता मिति.:२०७६/०७/१९<br>**कर्जा शिर्षक : व्यापारिक कर्जा**<br>**शाखा कार्यालय : चन्द्रनिगाहपुर शाखा, रौतहट**<br><br>**प्रोपराइटर/जमानीकर्ताको विवरण**<br>**नाम : रामकली देवी**<br>बाबु : पहलाद ठाकुर लोहार<br>ससुराः रामपुकार ठाकुर लोहार<br>पतिः बजरंगी लाल ठाकुर<br>ठेगाना : सखुअवा धमौरा-०६,रौतहट<br>हाल : बृन्दावन न.पा.०६, रौतहट<br>ना.प्र.नं. :१८५९, जारी मिति : २०६१/११/२१, रौतहट | **क) नाम : बजरंगी लाल ठाकुर**<br>बाबु : रामपुकार ठाकुर लोहार<br>बाजे : तपेश्वर ठाकुर<br>पत्नीः रामकली देवी<br>ठेगाना : सखुअवा धमौरा ०६, रौतहट<br>हालः बृन्दावन न.पा.-०६, रौतहट<br>ना.प्र.नं. : ८९२<br>जारी मिति : २०५१/०७/१४ , रौतहट<br><br>**ख) नाम : सनिल कुमार शर्मा**<br>बाबु : बजरंगी लाल ठाकुर<br>बाजे : रामपुकार ठाकुर लोहार<br>ठेगानाः सखुअवा धमौरा-०६, रौतहट<br>हालः बृन्दावन न.पा.-०६, रौतहट<br>ना.प्र.नं.:३२-०२-७७-०२४३१<br>जारी मितिः२०७७/०८/३०, रौतहट |

**३५ दिने सार्वजनिक सूचना प्रकाशित मिति : २०८०/११/०३ (कारोबार राष्ट्रिय दैनिक पत्रिका)**
**१५ दिने लिलाम सम्बन्धी प्रथम पटक सूचना प्रकाशित मिति :२०८१/०१/१३ (कारोबार राष्ट्रिय दैनिक पत्रिका)**

**धितो सुरक्षणमा राखिएको सम्पत्तिको विवरण : जग्गा** **धितो दिने/जग्गाधनीको नाम : रामकली देवी**

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं/नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (बि.क.धु.क) | कैफियत |
|---|---|---|---|---|---|
| रौतहट | डुमरिया मटियौन | ६/६ | १७१५ | ०-१-०-० (३३८.६३ व.मि.) | सो जग्गामा निर्माण भएका तथा भविष्यमा निर्माण हुने सम्पूर्ण संरचनाहरु तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१. बोलपत्र आवेदन फाराम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (अक्षरुपीः एक हजार रुपैयाँ मात्र) पछि फिर्ता नहुने गरी जम्मा गरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र फारममा आफूले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. माथि उल्लेखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४. बोलपत्र साथ आफूले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस वित्तीय संस्थाको धरौटी खातामा नगद जम्मा गरेको भौचरको प्रति वा यस वित्तीय संस्थाको नाममा खिचिएको गुड फर पेमेन्ट चेक/ड्राफ्ट समेत गोप्य शिलवन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्नेछ । साथै उपरोक्त वमोजिम बोलपत्र पेश गर्दा शीलवन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, कर चुक्ता/दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५(पन्ध्र) दिन भित्र धरौटी रकम वाहेक बाँकी वोलकबोल रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भै धरौटी रकम स्वतः जफत हुनेछ ।
८. स्वीकृत भएको वोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
९. बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन ।
१०. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
११ कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा सुरक्षित रहनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**बोलपत्र पेश गर्ने अन्तिम मितिः** २०८२/०१/३१ **बोलपत्र खोलिने मितिः** २०८२/०२/०१, **समय** : दिनको ३:०० बजे
**स्थानः** यस वित्तीय संस्थाको चन्द्रनिगाहपुर शाखा कार्यालय, रौतहट

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको 'ग' वर्गको वित्तीय संस्था
**गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.**
प्रधान कार्यालयः गुहेश्वरी भवन, हरिहरभवन, पुल्चोक, ललितपुर
फोनः ०१-५४५०४०६, ५४३७४०७
E-mail: gmbf@gmbf.com.np/web: www.gmbf.com.np



बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
**पर्यटन कार्यालय काठमाडौं**
बबरमहल, काठमाडौं, नेपाल

## प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२ वैशाख १७ गते)**

पर्यटन कार्यालय काठमाडौंको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम **"नाय खिं बाजा संरक्षण तथा प्रबर्द्धन कार्यक्रम कामपा १९"** को लागि रू १०,००,००० (अक्षरुपीः दश लाख मात्र) बिनियोजन भएकोमा यस कार्यालयको साझेदारीमा कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिम योग्यता पूरा गरेका योग्य प्रस्तावकहरूले सार्वजनिक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा कार्यालयमा वा कार्यालयको ईमेलःtourismoffice.ktm@gmail.com मा "धार्मिक तथा सांस्कृतिक संस्था सहायता कार्यविधी २०८१" को दफा (४) बमोजिम आबश्यक कागजात संलग्न गरी रितपूर्वक प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक योग्यता :**

१. परम्परागत नायः खिं बाजा संरक्षण तथा प्रबर्द्धन कार्यमा कम्तिमा ५ वर्ष वा सो भन्दा बढि समयदेखि क्रियासिल रहेको देखिने बाजा संरक्षण तथा प्रवर्द्धन उद्देश्य राखी सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्ने ।
२. नायः खिं बाजा संरक्षण तथा प्रबर्द्धन कार्यमा कम्तिमा ५ वर्ष वा सो भन्दा बढि समयदेखि क्रियासिल रहेको भनी वडा कार्यालयबाट सिफारिस गरेको हुनुपर्नेछ ।
३. नायः खिं बाजा सम्बन्धी प्रशिक्षण कार्य निरन्तर रूपमा गरेको देखिने कागजात रहेको हुनुपर्ने ।
४. काठमाडौं महानगरपालिका वडा नं. १९ मा स्थापना भई सञ्चालनमा रहेको हुनुपर्ने ।
५. पराम्परागत मेला तथा धार्मिक अबसरमा नायः खिं बाजा बजाउने तथा प्रशिक्षण गर्ने कार्य सार्वजनिक रुपमा गर्ने गरेको हुनुपर्नेछ ।
६. सम्बन्धित जाति तथा समुदायको प्रतिनिधित्व तथा स्वामित्व रहेको हुनुपर्ने ।
७. कार्यक्रमको दिगोपना र संस्कृति संरक्षणमा अधिकतम टेवा पुग्ने आधार रहेको हुनुपर्ने ।
८. धार्मिक तथा सांस्कृतिक संस्था सहायता कार्यविधी २०८१ ले तोकेका अन्य आवश्यक शर्तहरू रहेको हुनुपर्ने ।



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

**प्रकाशित मितिः २०८२/०१/१७**

यस बैंकको इमिलिया, कपिलबस्तु शाखा कार्यालयबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋण कर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋण कर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सुचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**१. ऋणीको नाम र ठेगाना**

**ऋणीको नाम : एस.डि मोटर पार्टस**
रजिष्टर्ड ठेगाना : वीरपुर-९, चन्द्रौटा, कपिलबस्तु ।
रजिष्ट्रेशन नं. : ३२२७०६९।०७० (नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य बिभाग, घरेलु तथा साना उद्योग कार्यालय, कपिलबस्तु ।)
पान /भ्याट नं. : ३०५४२५६३४

**ऋणी फर्मका प्रोप्राईटरको नाम र ठेगाना**

दुवर धुनियाको नाती शैमुल धुनिया को छोरा, कपिलबस्तु जिल्ला, रंगपुर गा.वि.स. वडा नं. ४ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **सुजाअत अलि धुनिया** (ना.प्र.नं.३८-०१-०६७-१०२३२, २०६७/११/३०, जि.प्र.का. कपिलबस्तु)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. मोहमद अमिन मुसलमान को छोरी, सुजाअत अलि धुनिया को श्रीमती, कपिलबस्तु जिल्ला, शिवराज न. पा. वडा नं. ६ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **महनाज बेगम** (ना.प्र.नं. ३८२०८०।२९६१९, जारी मिति २०७२/११/१२, जि.प्र.का. कपिलबस्तु)
२. शैमुल धुनिया को नाती, सुजाअत अलि धुनिया को छोरा, कपिलबस्तु जिल्ला, शिवराज न. पा. वडा नं. ६ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **मोहमद शमीम** (ना.प्र.नं. ३८२०८०/२९६१५, जारी मिति २०७२/११/१२, जि.प्र.का. कपिलबस्तु)
३. शैमुल धुनिया को नाती, सुजाअत अलि धुनिया को छोरा, कपिलबस्तु जिल्ला, शिवराज न. पा. वडा नं. ६ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **अब्दुल कादिर** (ना.प्र.नं. ३८२०८०।२९६१७, जारी मिति २०७२/११/१२, जि.प्र.का. कपिलबस्तु)
४. शैमुल धुनिया को नाती, सुजाअत अलि धुनिया को छोरा, कपिलबस्तु जिल्ला, शिवराज न. पा. वडा नं. ६ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **मोहमद साजिद** (ना.प्र.नं. ३८२०८०।२९६१६, जारी मिति २०७२/११/१२, जि.प्र.का. कपिलबस्तु)
५. शैमुल धुनिया को नाती, सुजाअत अलि धुनिया को छोरा, कपिलबस्तु जिल्ला, शिवराज न. पा. वडा नं. ५ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **मोहम्मद जाकिर** (ना.प्र.नं. ३८-०२-७९-०३०४९, जारी मिति २०७९/०६/२६, जि.प्र.का. कपिलबस्तु)
६. मोहमद सरिफ धुनिया को छोरी, मोहमद साजिद को श्रीमती, कपिलबस्तु जिल्ला, शिवराज न. पा. वडा नं. ५ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **रुबिना खातुन धुनिया** (ना.प्र.नं. ३८-०२-७८-०४१६१, जारी मिति २०७८/०८/०७, जि.प्र.का. कपिलबस्तु)
७. महमद जमा मिया को छोरी, अब्दुल कादिरको श्रीमती, कपिलबस्तु जिल्ला, शिवराज न. पा. वडा नं. ५ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **गुडिया मिया** (ना.प्र.नं. ३८-०२-७८-०२५४९, जारी मिति २०७८/०६/०६, जि.प्र.का. कपिलबस्तु)

**२. ऋणीको नाम र ठेगाना**

दुवर धुनियाको नाती शैमुल धुनिया को छोरा, कपिलबस्तु जिल्ला, रंगपुर गा.वि.स. वडा नं. ४ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **सुजाअत अलि धुनिया** (ना.प्र.नं.३८-०१-०६७-१०२३२, जारी मिति २०६७/११/३०, जि.प्र.का. कपिलबस्तु )

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. मोहमद अमिन मुसलमान को छोरी, सुजाअत अलि धुनिया को श्रीमती, कपिलबस्तु जिल्ला, शिवराज न. पा. वडा नं. ६ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **महनाज बेगम** (ना.प्र.नं. ३८२०८०।२९६१९, जारी मिति २०७२/११/१२, जि.प्र.का. कपिलबस्तु)
२. शैमुल धुनिया को नाती, सुजाअत अलि धुनिया को छोरा, कपिलबस्तु जिल्ला, शिवराज न. पा. वडा नं. ६ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **मोहमद शमीम** (ना.प्र.नं. ३८२०८०/२९६१५, जारी मिति २०७२/११/१२, जि.प्र.का. कपिलबस्तु)
३. शैमुल धुनिया को नाती, सुजाअत अलि धुनिया को छोरा, कपिलबस्तु जिल्ला, शिवराज न. पा. वडा नं. ६ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **अब्दुल कादिर** (ना.प्र.नं. ३८२०८०।२९६१७, जारी मिति २०७२/११/१२, जि.प्र.का. कपिलबस्तु)
४. शैमुल धुनिया को नाती, सुजाअत अलि धुनिया को छोरा, कपिलबस्तु जिल्ला, शिवराज न. पा. वडा नं. ६ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **मोहमद साजिद** (ना.प्र.नं. ३८२०८०।२९६१६, जारी मिति २०७२/११/१२, जि.प्र.का. कपिलबस्तु)
५. शैमुल धुनिया को नाती, सुजाअत अलि धुनिया को छोरा, कपिलबस्तु जिल्ला, शिवराज न. पा. वडा नं. ५ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **मोहम्मद जाकिर** (ना.प्र.नं. ३८-०२-७९-०३०४९, जारी मिति २०७९/०६/२६, जि.प्र.का. कपिलबस्तु)
६. मोहमद सरिफ धुनिया को छोरी, मोहमद साजिद को श्रीमती , कपिलबस्तु जिल्ला, शिवराज न. पा. वडा नं. ५ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **रुबिना खातुन धुनिया** (ना.प्र.नं. ३८-०२-७८-०४१६१, जारी मिति २०७८/०८/०७, जि.प्र.का. कपिलबस्तु)
७. महमद जमा मिया को छोरी, अब्दुल कादिरको श्रीमती , कपिलबस्तु जिल्ला, शिवराज न. पा. वडा नं. ५ स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला शिवराज न.पा.वडा नं. ०५ बस्ने **गुडिया मिया** (ना.प्र.नं. ३८-०२-७८-०२५४९, जारी मिति २०७८/०६/०६, जि.प्र.का. कपिलबस्तु)

Citizens Bank
**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024



## करार सेवामा लिने बारे सूचना

**प्रकाशित मिति : २०८२/०१/१७ गते**

यस कम्पनीलाई करार सेवामा कर्मचारीहरु आवश्यक भएकोले यस कम्पनीको वेभसाईट www.nepalre.com.np मा उल्लेख भए बमोजिम योग्यता पुगेका नेपाली नागरिकले आफूले प्राप्त गरेको शैक्षिक योग्यता, कार्य अनुभव र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि प्रमाणित गरी बैयक्तिक विवरण र २ प्रति पासपोर्ट साइजको हालसालै खिचिएको फोटो सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कम्पनीमा आवेदन गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगेको वा म्याद भित्र नआएको निवेदन उपर कुनै कारवाही हुने छैन। यस सम्बन्धी थप जानकारी को लागि कार्यालय समयभित्र एल एस बिल्डिङ्ग, थापाथली काठमाण्डौ स्थित कम्पनीको कार्यालयबाट लिन सकिने छ।

**नेपाल पुनर्बीमा कम्पनी लिमिटेड**
(नेपाल सरकारको स्वामित्वमा स्थापित)
Nepal Reinsurance Co.Ltd. (Nepal Re.)
(An undertaking of Nepal Government)
इमेलः nepalre@ntc.net.np | वेभसाइटः www.nepalre.com.np

# भृकुटीमण्डपमा 'बजाज ग्रान्ड कार्निभल'

काठमाडौं (अस) । नेपालका लागि बजाज मोटरसाइकलको आधिकारिक विक्रेता हंसराज हुलासचन्द एण्ड कम्पनी प्रालिले 'बजाज ग्रान्ड कार्निभल' योजना ल्याएको छ । मंगलवारदेखि काठमाडौंको भृकुटीमण्डपमा शुरू भएको बजाज ग्रान्ड कार्निभलमार्फत ग्राहकले २० भन्दा धेरै भ्यालुयटर्सबाट ग्यारेन्टीका साथ उच्चतम भ्यालुयसन, अन द स्पट फाइनान्स तथा निःशुल्क असेसोरिज पाउने कम्पनीले जानकारी दिएको छ ।

साथै यसअघि मोटरसाइकल खरीद गर्दा हुने झन्झटिलो प्रक्रिया घर जग्गाको लालपुर्जा, पानी वा बिजुलीको बिल, आयस्रोतको सर्टिफिकेट लगायतका विभिन्न कागजात आवश्यकतालाई यो योजनाले सरल बनाउने बताइएको छ । किस्ताबन्दीमा किन्न चाहने ग्राहकले १ घण्टाभित्रै ऋण पास गरेर ९ दशमलव ९९ प्रतिशत ब्याजदरमै सरल फाइनान्समार्फत यो सुविधा पाउन सक्ने बताइएको छ । आगामी आइतवारसम्म चल्ने मेलामा ग्राहकका लागि गेम जोन, टेस्ट राइड पनि रहेको बताइएको छ ।

# चितवनमा टिभिएस एक्सचेञ्ज मेनिया

चितवन (अस) । टिभिएसले चितवनका ग्राहकका लागि 'टिभिएस एक्सचेञ्ज मेनिया' ल्याएको छ । आइतवार शुरू भएको मेला शुक्रवारसम्म चल्नेछ । सिजि ल्यान्डमार्क भरतपुर हाइटमा उक्त मेला लागेको हो । यस अवसरमा जगदम्बा मोटर्सको 'नयाँ वर्ष २०८२, नयाँ युगको सवारी' अफर र शोरूमले दिने थप सुविधासमेत पाइने बताइएको छ । मेलामा पुरानो मोटरसाइकल वा स्कुटरको साटफेर गर्न पाइनेछ । सो अवसरमा ग्राहकले १ लाख रुपैयाँसम्म नगद छूट, १८ महीना र ७ दशमलव ९९ प्रतिशत ब्याजदरमा किस्ताबन्दी सुविधा, १ लाख रुपैयाँसम्मको एक्सचेन्ज भ्यालुएसन, हेलमेट, ब्याग तथा बाइक कभर र विभिन्न लाइफटाइम अफर समेत प्राप्त गर्न सक्ने बताइएको छ ।

## एभरेष्ट बैंक लिमिटेडका नाममा रहेको गैह्र बैंकिङ्ग सम्पत्ति (घरजग्गा) सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको सूचना ।

**(प्रकाशित मिति २०८२/०१/१७)**

यस बैंकका नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको गैह्र बैंकिङ्ग सम्पत्ति (घरजग्गा) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक व्यक्ति/कम्पनी/फर्म/संस्थाहरुले निम्न लिखित शर्तहरुको अधीनमा रही आफुले के कति मूल्यमा खरीद गरिलिने हो सोही मूल्य खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको दुहबी, सुनसरी स्थित शाखा कार्यालय मार्फत गोप्य सिलबन्धी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्वारा आव्हान गर्दै प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) को विवरण : |
|---|---|
| १. | मालपोत कार्यालय विराटनगर, मोरङ्गको लगतमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, टंकिसिनुवारी गा.वि.स. वडा नं. १/क (हाल मोरङ्ग जिल्ला, बुढिगंगा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. १४२ को क्षेत्रफल ०-१-१०-० (बि.क.धु.) को घर/जग्गा तथा सम्पूर्ण लिगलगापात समेत ।<br>**ल्यान्डमार्क :** बिराट मेडिकल कलेज बाट उत्तर पट्टीको कालोपत्रे बाटो बाट १६० मिटर पश्चिम तर्फ ।<br>**बोल पत्र पेश गर्ने शाखा कार्यालय :** दुहबी, सुनसरी<br>**फोन नं. :** ०२५-५४२६२८/६२५ |

**शर्तहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितीले १५ (पन्ध्र) दिनभित्र अर्थात **मिति २०८२ साल वैशाख महिना ३१ गते बुधबार भित्र बैंकको दुहबी, सुनसरी स्थित कर्जा विभागमा कार्यालय** समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२) शिलबन्दी बोलपत्र निवेदनको ढाँचामा लेखी बोलपत्र वालाको हस्ताक्षर सहित खामबन्दी (लाह छाप) गरी बाहिर **(मिति २०८२ साल वैशाख महिना १७ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसारको गैह्र बैंकिङ्ग सम्पत्ति घर/जग्गा खरीदको बोलपत्र)** समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३) शिलबन्दी बोलपत्र पेश गर्दा उक्त खरीद गर्ने गैह्र बैंकिङ्ग सम्पत्ति (अचल) को मूल्य अंक तथा अक्षरमा प्रष्ट लेखिएको हुनुपर्छ ।
४) बोलपत्रमा आफूले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखि आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम समेत यस बैंकको नाममा खिचिएको ड्राफ्ट/मेनेजर्स चेक/गुड फर पेमेन्ट चेक शिलबन्दी बोलपत्र भित्र संलग्न राखी पेश गर्नु पर्नेछ र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिइने छैन ।
५) यो सूचना प्रकाशित भएको मितिले **१६ (सोह्रौं) दिन अर्थात मिति २०८२ साल जेठ महिना १ गते बिहीबार अपरान्ह ३:०० बजे** देखि बोलपत्र दाता वा निजको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा प्राप्त भएका बोलपत्रहरु यस बैंकको शाखा कार्यालय **दुहबी, सुनसरी**मा बोलपत्र खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
६) बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत विदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७) म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
८) बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, प्यान/भ्याट दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।
९) बोलपत्र स्विकृत भएमा सम्बन्धित बोलपत्र दाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलपत्रमा प्रस्ताव गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नु पर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
१०) लिलाम विक्रीमा सकार गरेको अचल सम्पत्तिको स्वामित्व हस्तान्तरण सम्बन्धी मालपोत तथा अड्डामा लाग्ने सम्पूर्ण शुल्क, राजश्व, रजिष्ट्रेशन दस्तुर, लाभ कर लगायत अन्य जे जो लाग्ने खर्च आदि सम्पत्ति सकार गर्ने व्यक्ती/कम्पनी/फर्म/संस्था स्वयंले व्यहोर्नु पर्नेछ ।
११) प्राप्त भएको गोप्य शिलबन्दी मार्फत सबैभन्दा बढी बोल अंक राखि गोप्य शिलबन्दी पेश गर्ने बोलपत्रदाताको प्रस्ताव आंशिक वा पूर्ण रुपमा स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकसँग नै सुरक्षित रहनेछ । अधिकतम अंकको बोलपत्र पेश गर्नेसँग पुनः नेगोसिएट गरी विक्री गर्ने वा नगर्ने सम्पूर्ण अधिकार समेत यस बैंकमा सुरक्षित रहनेछ । बोलपत्र स्वीकृत नभई धरौटी फिर्ता गरिंदा यस्तो धरौटी रकममा कुनै किसिमको व्याज दिइने छैन ।
१२) ऋणी तथा साविकको धितो धनीले बैंकको लेना रकम (सम्पूर्ण साँवा व्याज आदि) चुक्ता भुक्तानी गरिदिई उक्त सम्पत्ति निखन्न आएमा त्यस्तो ऋणी तथा साविकको धितो धनीलाई प्राथमिकता दिईनेछ ।
१३) बिक्री गरिन लागेको गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय **दुहबी, सुनसरीको कर्जा विभागमा** सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१४) अन्य आवश्यक कुराहरुमा प्रचलित कानुन बमोजिम हुनेछ ।

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-Venture with punjab national bank, India)

प्रधान कार्यालय
लाजिम्पाट, काठमाण्डौं
फोन नं.: ०१-४५४३३७७

**दिगो, दरिलो र विश्वासिलो**

## जनप्रगति बचत तथा ऋण सहकारी संस्था लि.
### चन्द्रागिरि न.पा. १५, ढुंगाअड्डा, काठमाडौं,

## धितो लिलामहुने बारेको पुन ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति: २०८२/०१/१७ गते**

तपशीलमा उल्लेखित ऋणीहरुले यस संस्थाबाट तपसिलमा उल्लेखित अचल सम्पत्तिहरु धितो सुरक्षणमा राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्यादभित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस संस्थाबाट उक्त ऋणीहरुलाई वारम्वार लिखित,मौखिक तथा विद्युतिय माध्यमहरुबाट र पटक पटक राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने ऋण तिर्ने सुचना प्रकाशित तथा तरताकेता गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएकोले धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित अचल सम्पत्तिहरु लिलाम बिक्रिको लागी यो सूचना प्रकाशित गरिएको छ । निज ऋणीहरुसंग लिनुपर्ने २०८२ साल जेष्ठ २० गते सम्मको सम्पुर्ण लेना रकम असुल हुने गरी उल्लेखित धितो सहकारी ऐन, नियमावली संस्थाको विनियम तथा ऋण नीति बमोजिम निम्न मिति र स्थानमा १०:०० बजेदेखि ४:०० बजे भित्र लिलाम बढाबढ हुने भएकोले सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । लिलाममा सवै भन्दा बढी डाँक बोल्नेको नाममा लिलाम सदर भएमा कबुल गरेको रकमको कम्तिमा १० प्रतिशत रकम सोही दिन दाखिला गर्नुपर्ने छ । लिलाम बढाबढमा कसैले पनि लिलाम सकार नगरेमा संस्था आफैले सकार्नेछ । कथंकदाचित उक्त धितोबाट ऋण असुल उपर हुन नसके वा आंशिक रकम असुल उपर भई ऋण बाँकी रहन गएमा ऋणी तथा जमानत दिने व्यक्तिको आफ्नै वा एकासगोलको परिवारको नाउँमा नेपाल अधिराज्य भर भएको अन्य चलअचल सम्पत्ति समेतबाट सहकारी ऐन, नियमावली, संस्थाको विनियम, नीति तथा प्रचलित कानुन बमोजिम लिलाम विक्री वा अन्य कुनै व्यवस्था गरी संस्थाको लेना रकम असुल उपर गरि लिने तथा ऋणी र धितो जमानीकर्तालाई कालो सूचीमा समावेश गर्ने प्रकृया अगाडि बढाईने व्यहोरा ऋणी, जमानीकर्ता तथा सम्बद्ध सबैलाई यसै सूचनाबाट सूचित गरिन्छ । लिलाम हुने दिन बिदा परेमा त्यस पछिको कार्यालय खुलेको दिन लिलाम हुने छ । लिलामको शर्त सम्बन्धी बृहत रुपमा जानकारीको लागी यस सहकारी संस्थाको कार्यालयमा बुझ्न सकिने छ ।

**तपसिलः**

**लिलाम हुने मिति : २०८२ साल जेष्ठ २० गते मंगलवार,**

**लिलाम हुने स्थानः जनप्रगति बचत तथा ऋण सहकारी संस्थाको कार्यालय, चन्द्रागिरि न.पा १५, तिनथाना, काठमाडौं**

| ऋणीको ३ पुस्ते विवरणः | लिलाम बिक्री हुने धितोको विवरण | धितो जमानीकर्ताको ३ पुस्ते विवरणः | २०८२ जेष्ठ २० गते सम्मको तिर्नु बुझाउनु पर्ने कुल रकम |
|---|---|---|---|
| नामः जगन्नाथ खड्का क्षेत्री<br>स.न.: १५<br>सा.ठेगानाः तीनथाना ९, फरेसपाखा, काठमाडौं<br>हालको ठेगानाः चन्द्रागिरि न.पा-१५, काठमाडौं<br>न.प्रा.न.: ६०९१/३०६९, वर्षः ६९<br>बाबुको नामः झंक बहादुर खड्का<br>बाजेको नामः नर बहादुर खड्का | काठमाडौं, जिल्ला तीनथाना गा.बि.स वडा. नं.९<br>कि.नं. ६२३ ०-२-२-०<br>कि.नं. ६२६ -३-३-० (रोपनी)<br>कि.नं. ६३६ -२-०-०(रोपनी) | नामः नर्वदा खड्का<br>स.न.:<br>सा.ठेगानाः तीनथाना ९, फरेसपाखा, काठमाडौं<br>न.प्रा.न.:०२७३४४/१२६६, वर्षः ६६<br>बाबुको नामः नर बहादुर खत्री<br>पतिको नाम : जगन्नाथ खड्का क्षेत्री | जम्माः ११,३५८,१८०।- |
| नामः शंकर आचार्य<br>स.नः १६<br>सा.ठेगानाः तीनथाना गा.वि.स. वडा नं.-७ काठमाडौं<br>हालको ठेगानाः चन्द्रागिरि नगरपालिका वडा नं.-१५, ढुंगाअड्डा<br>ना.प्र.नः ७३२, वर्षः ५७<br>पत्नीको नामः ज्ञानु आचार्य<br>बाबुको नामः लोक प्रसाद आचार्य<br>बाजेको नामः देव प्रसाद आचार्य | काठमाडौं, जिल्ला तीनथाना गा.बि.स वडा. नं.७<br>कि.नं. ३०५ ०-१२-२-० | नामः ज्ञानु आचार्य<br>स.नः<br>सा.ठेगानाः तीनथाना गा.वि.स. ७ काठमाडौं<br>हालको ठेगानाः चन्द्रागिरि नगरपालिका वडा नं.-१५, ढुंगाअड्डा<br>ना.प्र.नः ९३४६<br>वर्षः ५१<br>बाबुको नामः चिरन्जिबी अर्याल<br>पतिको नामः शंकर आचार्य | जम्माः ६,४७८,०३६।- |
| **नामः हरि प्रसाद अधिकारी<br>स.नः १२२<br>सा.ठेगानाः नुवाकोट जिल्ला त्रिसुली-१,<br>हालको ठेगानाः चन्द्रागिरि नगरपालिका वडा नं.-१५,<br>ना.प्र.नः ३३७/०३४/०३५, वर्षः ७६<br>बाबुको नामः लोकनाथ अधिकारी<br>बाजेको नामः श्री विलास अधिकारी** | **काभ्रेपलाञ्चोक जिल्ला ज्याम्दी गा.बि.स वडा. नं.६<br>कि.नं. १५३ १-८-२-१<br>कि.नं. २१२ १-३-०-३<br>कि.नं. २०२ १-१३-२-१<br>कि.नं. २१६ १-१५-३-३<br>कि.नं. ८३५ २-४-२-२<br>कि.नं. ८८४ १-१-०-२** | **नामः शिव प्रसाद अधिकारी<br>सा.ठेगनाः मकवानपुर जिल्ला हेटौडा नगरपालिका<br>ना.प्र.नः २४८०५<br>बाबुको नामः खिल प्रसाद अधिकारी<br>पत्निको नामः रेनु नेपाल अधिकारी** | जम्माः १,४१५,३१५।- |

**नोटः ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खूलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको हो ।**

## नबिल बैंक लिमिटेड, जनकपुर भानुचोक शाखा धनुषा जिल्लाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मितिः २०८२/०१/१७)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०८/२५ को मध्यान्ह पत्रिका दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **जनकपुर भानुचोक शाखा धनुषा** जिल्ला आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गर ाईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

**तपसिल**

**ऋणीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, मितिः २०७५/०२/०९ मा दर्ता नं. १८९९७२/७४/०७५ अन्तर्गत दर्ता भएको **स्काइ लाइन कन्सट्रक्सन प्रा लि ।**
ठेगानाः धनुषा जिल्ला जनकपुर उ.म.न.पा. वडा नं. ०२ ।

**कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. विश्वनाथ सिंहको नाती, कपिल देव सिंह सुवेदीको छोरा धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा न.०६ स्थायी घर भई हाल धनुषा जिल्ला लक्षमिनिया गा.पा.वडा नं. ०२ वस्ने, ना.प्र.नं.८८२१३३१८ (जारी मिति : २०५६/११/१२, स्थानः धनुषा) भएको **प्राभात कुमार सुवेदी ।**
२. मधुरी मण्डलको नाती, शोभित मण्डलको छोरा धनुषा जिल्ला, धनौजी गा.वि.स. वडा न.०८ स्थायी घर भई हाल धनुषा जिल्ला औरही गा.पा.वडा नं. ०६ वस्ने, ना.प्र.नं.२५९५१९९४ (जारी मिति : २०३३ साल, स्थानः धनुषा) भएको **राज नारायण मण्डल ।**
३. मोहन ध्वज बानियाकी छोरी, कपिल देव सिंह सुवेदीको बुहारी, प्राभात कुमार सुवेदीकी श्रीमती सर्लाही जिल्ला, रानिगजं गा.वि.स. वडा न.०५ स्थायी घर भई हाल धनुषा जिल्ला लक्षमिनिया गा.पा.वडा नं. ०२ वस्ने, ना.प्र.नं.१९३०९६/६१४ (जारी मिति : २०६३/१०/२३, स्थानःसर्लाही) भएको **मुना कुमारी बानिया ।**
४. राम नारायण महतोकी छोरी, रामफल महतोकी बुहारी, गंगा प्रसाद महतोकी श्रीमती धनुषा जिल्ला, नकटाझिज गा.वि.स. वडा न.०३ स्थायी घर भई हाल धनुषा जिल्ला मिथिला न.पा.वडा नं. ०२ वस्ने, ना.प्र.नं. १७३१००/४९१ (जारी मिति : २०६३/११/२६, स्थानः धनुषा) भएकी **प्रमिला देवी महतो ।**
५. राम प्रकाश मण्डलकी छोरी, रामफल महतोकी बुहारी, संजय कुमार अधिकारीकी श्रीमती धनुषा जिल्ला, धनौजी गा.वि.स. वडा न.०८ स्थायी घर भई हाल धनुषा जिल्ला औरही गा.पा.वडा नं. ०६ वस्ने, ना.प्र.नं.२५९५१८३९ (जारी मिति : २०६३/०७/२२, स्थानः धनुषा) भएकी **संगीता मंडल (अधिकारी) ।**
६. शोभित मण्डलको नाती, राज नरायण मण्डलको छोरा धनुषा जिल्ला, धनौजी गा.वि.स. वडा न.०८ स्थायी घर भई हाल धनुषा जिल्ला औरही न.पा.वडा नं. ०६ वस्ने, ना.प्र.नं.२५९५४८८७(जारी मिति :२०५१/०८/२९, स्थानः धनुषा) भएको **संजय कुमार अधिकारी ।**
७. सोनाई महता कोइरीकी नाती, रामफल महतोको छोरा धनुषा जिल्ला, नकटाझिझ गा.वि.स. वडा न.०३ स्थायी घर भई हाल धनुषा जिल्ला औरही न.पा.वडा नं. ०६ वस्ने, ना.प्र.नं.६४४०२३११ (जारी मिति : २०५९/०७/०६, स्थानः धनुषा) भएको, **गंगा प्रसाद महतो ।**
८. लटु मण्डलकी छोरी, सोभित मण्डलकी बुहारी, राज नारायण मण्डलकी श्रीमती धनुषा जिल्ला, धनौजी गा.वि.स.वडा न.०६ स्थायी घर भई हाल धनुषा जिल्ला औरही गा.पा.वडा नं. ०६ वस्ने, ना.प्र.नं.२५९५१९९५ (जारी मिति :२०३६/०४/२७,स्थानः धनुषा) भएकी **रामपरी देवी केवटीन ।**
९. रामेश्वर प्रशाद मण्डलकी छोरी, , राज नरायण मण्डलकी बुहारी, संजिप कुमार अधिकारीकी श्रीमती धनुषा जिल्ला, धनौजी गा.वि.स. वडा न.०८ स्थायी घर भई हाल धनुषा जिल्ला औरही न.पा.वडा नं. ०६ वस्ने, ना.प्र.नं.१७१०२९/१४५ (जारी मिति : २०६६/०८/२८, स्थानः धनुषा) भएकी **मनिषा मण्डल अधिकारी ।**
१०. नारायण सिंहकी छोरी, विश्वनाथ सिंहकी बुहारी, कपिल देव सिंह सुवेदीका श्रीमती , धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा न.०५ स्थायी घर भई हाल धनुषा जिल्ला लक्षमिनिया गा.पा.वडा नं. ०२ वस्ने, ना.प्र.नं.८८२११०५२ (जारी मिति : २०३३/०१/०१, स्थानः धनुषा) भएकी **सुरेखा सुवेदी ।**
११. राधे महतोकी छोरी, रामफल महतो कोइरीकी बुहारी, सिताराम महतोकी श्रीमती धनुषा जिल्ला, नकटाझिज गा.वि.स. वडा न.०३ स्थायी घर भई हाल धनुषा जिल्ला मिथिला न.पा.वडा नं. ०२ वस्ने, ना.प्र.नं. १७३१००/६४४ (जारी मिति : २०६३/११/२८, स्थानः धनुषा) भएको, **अमिरका कुमारी देवी ।**
१२. रवि महतोको नाती, सोनाई महतो कोइरीको छोरा धनुषा जिल्ला, नकटाझिज गा.वि.स. वडा न.०३ स्थायी घर भई हाल धनुषा जिल्ला मिथिला न.पा.वडा नं. ०२ वस्ने, ना.प्र.नं. २९७ (जारी मिति : २०३६/०५/०१, स्थानः धनुषा) भएको, **रामफल महतो कोइरी ।**
१३. कुल चन्द्रको नाती, विश्वनाथ सिंहको छोरा धनुषा जिल्ला, सिनुरजोडा गा.वि.स. वडा न.०५ स्थायी घर भई हाल धनुषा जिल्ला लक्षमिनिया गा.पा.वडा नं. ०२ वस्ने, ना.प्र.नं. १७८८२११०५१(जारी मिति : २०३३/०१/०१, स्थानः धनुषा) भएको **कपिलदेव सिंह सुवेदी ।**
१४. हरिहर मण्डलको नाती, राम प्रकाश मण्डलको छोरा धनुषा जिल्ला, धनौजी गा.वि.स. वडा न.०१ स्थायी घर भई हाल धनुषा जिल्ला शहिदनगर न.पा.वडा नं. ०७ वस्ने, ना.प्र.नं.२५१९३९७७ (जारी मिति : २०६३/०४/२८, स्थानः धनुषा) भएकी **शशि मण्डल ।**
१५. रामफल महतो कोइरीको नाती, गंगा प्रसाद महतोको छोरा धनुषा जिल्ला मिथिला न.पा. वडा नं. ०२ वस्ने, ना.प्र.नं. १७-०१-७४-१५३६३ (जारी मिति : २०७४/१२/२५, स्थानः धनुषा) भएको **राम शंकर महतो ।**
१६. शोभित मण्डलको नाती, राज नारायण मण्डलको छोरा धनुषा जिल्ला, धनौजी गा.वि.स. वडा न.०८ स्थायी घर भई हाल धनुषा जिल्ला औरही गा.पा.वडा नं. ०६ वस्ने, ना.प्र.नं.२५९५२२७६ (जारी मिति : २०५७/१०/०२, स्थानः धनुषा ) भएको **संजिव कुमार अधिकारी ।**
१७. जानकी प्रसाद मण्डलकी छोरी, हरिहर मण्डलकी बुहारी, राम प्रकाश मंण्डलकी श्रीमती धनुषा जिल्ला, धवौली गा.वि.स. वडा न.०१ स्थायी घर भई हाल धनुषा जिल्ला शहिदनगर न.पा.वडा नं. ०७ वस्ने, ना.प्र.नं.२५१९२७८८ (जारी मिति : २०४६/१२/०५, स्थानः धनुषा) भएकी **पवन कुमारी ।**
१८. राज नारायण मण्डलकी छोरी, हरि मण्डलकी बुहारी, राम दुलार मण्डलकी श्रीमती धनुषा जिल्ला मझौरा विष्णपुर गा.वि.स.वडा नं.०६ स्थायी घर भई हाल महोत्तरी जिल्ला मटिहानी गा.पा. वडा नं.०१ वस्ने, ना.प्र.नं. ५८४६२६०४ (जारी मिति : २०५७/०५/१८, स्थानः महोत्तरी) भएकी **सुनिता कुमारी देवी ।**
१९. सोनाई महतो कोइरीको नाती, रामफल महतो कोइरीकी छोरा धनुषा जिल्ला, नकटाझिझ गा.वि.स. वडा न.०३ स्थायी घर भई हाल धनुषा जिल्ला मिथिला न.पा.वडा नं. ०२ वस्ने, ना.प्र.नं. ६४४०२७१७ (जारी मिति : २०६३/०४/२२, स्थानः धनुषा) भएको **सीताराम महतो ।**
२०. घुरन मण्डलको नाति, हरिहर मण्डल केवटको छोरा धनुषा जिल्ला धनौजि गा.वि.स. वडा न.०१ स्थायी घर भई हाल धनुषा जिल्ला शहिदनगर न.पा.वडा नं. ०७ वस्ने, ना.प्र.नं.३३३०/२५१९००१०/०३३/०३४ (जारी मिति : २०३६/१०/१७, स्थानः धनुषा) भएको **राम प्रकाश मण्डल केवट ।**

**धितोको विवरण**

**धितोमा रहेको घर जग्गाको विवरण :**

१. धनुषा जिल्ला, धनौजि गा.वि.स. वडा न.०८ स्थायी घर भई हाल धनुषा जिल्ला औरही गा.पा.वडा नं. ०६ वस्ने, **संजिव कुमार अधिकारी** को नाममा दर्ता भई यस बैंकको पक्षमा द्रष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला अजगेवा हरिनमरी गा.वि.स. वडा नं. ९ नक्सा सिट नं.९ख मा अवस्थित कि.नं. २७७ क्षेत्रफल ३-१३-१३$^{१/२}$-० विघा जग्गा एवं सोमा जडित सम्पुर्ण लिगलगापात समेत ।
२. धनुषा जिल्ला, धवौली गा.वि.स. वडा न.०१ स्थायी घर भई हाल धनुषा जिल्ला शहिदनगर न.पा.वडा नं. ०७ वस्ने, **पवन कुमारी** को नाममा दर्ता भई यस बैंकको पक्षमा द्रष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला जनकपुर वडा नं.१ नक्सा सिट नं. १३५६०८ मा अवस्थित कि.नं. ८६० क्षेत्रफल ०-०-५-२.७५ विघा जग्गा एवं सोमा जडित सम्पुर्ण लिगलगापात समेत ।
३. धनुषा जिल्ला, नकटाझिझ गा.वि.स. वडा न.०३ स्थायी घर भई हाल धनुषा जिल्ला औरही न.पा.वडा नं. ०६ वस्ने, **गंगा प्रसाद महतो**को नाममा दर्ता भई यस बैंकको पक्षमा द्रष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला नकटाझिज गा.वि.स. वडा न.०३ नक्सा सिट नं. ३ मा अवस्थित कि.नं.क्रमश ७११, ३६५ र ७०८ क्षेत्रफल क्रमश ०-३-११-१२, ०-२-०-० र ०-२-६-०, विघा जग्गा एवं सोमा जडित सम्पुर्ण लिगलगापात समेत ।
४. धनुषा जिल्ला, नकटाझिज गा.वि.स. वडा न.०३ स्थायी घर भई हाल धनुषा जिल्ला मिथिला न.पा.वडा नं. ०२ वस्न **सीताराम महतो** को नाममा दर्ता भई यस बैंकको पक्षमा द्रष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला नकटाझिज गा.वि.स. वडा नं.०३ नक्सा सिट नं. ३ मा अवस्थित कि.नं. ७०९ र ७१० क्षेत्रफल ०-२-६-० र ०-५-११-१२, विघा जग्गा एवं सोमा जडित सम्पुर्ण लिगलगापात समेत ।
५. धनुषा जिल्ला, नकटाझिज गा.वि.स. वडा न.०३ स्थायी घर भई हाल धनुषा जिल्ला मिथिला न.पा.वडा नं. ०२ वस्ने, **प्रमिला देवी महतो** को नाममा दर्ता भई यस बैंकको पक्षमा द्रष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला नकटाझिज गा.वि.स. वडा नं.०३ नक्सा सिट नं. ३ मा अवस्थित कि.नं. ३६२ क्षेत्रफल ०-१-०-०, विघा जग्गा एवं सोमा जडित सम्पुर्ण लिगलगापात समेत ।
६. धनुषा जिल्ला, नकटाझिज गा.वि.स. वडा न.०३ स्थायी घर भई हाल धनुषा जिल्ला मिथिला न.पा.वडा नं. ०२ वस्न **सीताराम महतो** को नाममा दर्ता भई यस बैंकको पक्षमा द्रष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला नकटाझिज गा.वि.स. वडा नं.०१ नक्सा सिट नं. १क मा अवस्थित कि.नं. १४७३ क्षेत्रफल ०-१-५-० विघा जग्गा एवं सोमा जडित सम्पुर्ण लिगलगापात समेत ।

**सवारी साधनको विवरणः**

ऋणी **स्काइ लाइन कन्सट्रसन प्रा. लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं.प्रदेश नं. २-०२-००१ च ०४३३ भएको TATA NEXON CAR.

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **जनकपुर भानुचोक शाखा धनुषा** जिल्ला बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०१/३१ गते ५:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **जनकपुर भानुचोक शाखा धनुषा** जिल्ला बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०२/०१ गते ३:०० बजे बैंकको **जनकपुर भानुचोक शाखा धनुषा** जिल्लामा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाा जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितो को सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **जनकपुर भानुचोक शाखा धनुषा** जिल्लामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

सबैभन्दा ठूलो जोखिम कुनै पनि जोखिम नलिनु हो। निजीकरण गरिएको प्रतिस्पर्धी अर्थतन्त्रले नवप्रवर्तन (इनोभेसन) को विकास गर्छ।

**- मार्क जुकरबर्ग**

सम्पादकीय

# चियामा उल्टो यात्रा

**नेपाल एकीकृत व्यापार रणनीति २०८० ले १२ ओटा क्षेत्रमध्ये कृषिक्षेत्रमा पारेको चियाको निर्यात उल्लेख्य मात्रामा बढ्न सकेको छैन भने केही वर्षयता न यसको खेती गर्ने क्षेत्र विस्तार भएको छ न उत्पादनमै उल्लेख्य सुधार। चिया तथा कफीखेतीको विस्तार र निर्यातकै लागि गठन गरिएको राष्ट्रिय चिया तथा कफी विकास बोर्ड नामको संस्था छ तर यसले नगदेबालीको विकास तथा विस्तारमा के गऱ्यो भन्ने प्रश्न उब्जिएको छ।**

**विगत ५ वर्षमा चियाको निर्यात न्यूनतम २ अर्ब ७८ करोड रुपैयाँदेखि ३ अर्ब ९३ करोड रुपैयाँबीचमा भएको बोर्डको तथ्यांकमा उल्लेख छ। आव २०७५/७६ पछि चिया रोपण भएको क्षेत्रफल नै घटेको छ। आव ०७५/७६ मा कुल २८ हजार ७३२ हेक्टरमा चियाखेती गरिएकोमा आव २०८०/८१ सम्म आइपुग्दा २० हजार ७६० हेक्टरमा ओर्लेको छ। बीचका वर्षमा चिया रोपणको क्षेत्रफल अझै घटेको थियो। त्यस्तै यस अवधिमा चियाको उत्पादन पनि आशालाग्दो किसिमले बढ्न सकेको देखिँदैन। आव २०७५/७६ मा २५ हजार २०५ मेट्रिक टन चिया उत्पादन भएकामा आव २०८०/८१ सम्म आइपुग्दा २६ हजार ९८३ मेट्रिक टनमात्रै पुगेको छ। बोर्ड बनाएर र चियाखेतीका लागि सरकारले विभिन्न कार्यक्रम ल्याए पनि किन क्षेत्रफल घट्यो र उत्पादन ठूलो परिमाणमा किन बढाउन सकिएन भन्नेमा सरकार गम्भीर देखिएको छैन। बोर्डले पनि जिम्मेवारीबोध गरेको पाइँदैन।**

**नेपालमा चियाखेती फस्टाउन नसक्नुको एउटा प्रमुख कारण यसको निर्यातमा हुने अवरोध हो। नेपालमा उत्पादित अत्यधिक चिया भारत निर्यात हुन्छ। तर, भारतमा उत्पादन बढेको वर्ष नेपाली चियाले बजार र मूल्य पाउन कठिन हुन्छ। त्यसमा पनि बेलाबेलामा गैरभन्सार अवरोध हुने गरेको छ। यसको समाधानका लागि तेस्रो देशमा बजार खोजिनुपर्छ। बजार विस्तारका लागि सरकारले कूटनीतिक माध्यमलाई समेत प्रयोग गर्न आवश्यक हुन्छ। अधिकांश चिया भारत निर्यात हुनेगर्छ। अब स्वदेशमा खपत बढाउनुका साथै अन्य तेस्रो देश निर्यात बढाउन प्रयास गर्नु जरुरी छ।**

**त्यस्तै निर्यातकर्ताले खोजेको जस्तो उत्पादन र प्रमाणीकरण प्रक्रिया पनि हुन आवश्यक छ। चिनियाँ व्यापारीले नेपाली चियामा**

- **अब स्वदेशमा खपत बढाउनुका साथै अन्य तेस्रो देश निर्यात बढाउन प्रयास गर्नु जरूरी छ।**
- **चियाको निर्यात र उत्पादन बढाउन अब फरक रणनीति अख्तियार गर्नुपर्ने देखिएको छ।**

**चासो दिए पनि त्यसलाई सही तरीकाले सम्बोधन गर्न नसक्दा यसले बजार पाउन सकेको छैन। त्यस्तै विषादी र रासायनिक मलको प्रयोगका कारण यूरोपको बजार पनि बलियोसँग पाउन सकेको छैन। नेपाल टी भनेर ब्रान्डिङ गरी निर्यात गर्न थालिए पनि खासमा बजारीकरणका लागि पर्याप्त काम भएका छैन भन्न सकिन्छ। त्यसैले यसमा किसानहरू आकर्षित हुन सकेका छैनन्। भारतको दार्जलिङ चिया बगान पुरानो भएकाले त्यहाँको भन्दा राम्रो चियापत्ती नेपालको राम्रो हुने र त्यसको विक्री पनि बढी हुनुपर्ने हो तर त्यसो हुन सकेको छैन। बरु नेपाली चिया किनेर भारतीय व्यापारीले दार्जलिङ चियाको ब्रान्डमा निर्यात गरेको नेपाली व्यवसायीको दाबी छ। यसो हो भने पनि यसमा नेपालकै कमजोरी देखिन्छ।**

**अर्को, इलाम र झापामा चियाखेती भइरहेको छ तर त्यही अनुपातमा अन्यत्र खेती हुन सकेको छैन। यही चियाबारीका कारण इलाममा आन्तरिक पर्यटन निकै फस्टाएको छ। त्यसले पनि चियाखेतीभन्दा यसतर्फ व्यवसायीको ध्यान गएको हुन सक्छ। पर्यटक आगमन बढेसँगै यहाँको जग्गाको भाउ महँगो हुन थालेपछि प्लटिङ गरी घडेरी विक्री गर्ने प्रवृत्ति पनि बढेको छ। चियाखेतीका लागि नयाँनयाँ क्षेत्र विस्तार हुनुपर्नेमा त्यसो नभई संकुचित हुनु चिन्ताको विषय हो। त्यसो त युवाको विदेश पलायनले पनि यस क्षेत्रलाई प्रभाव पारेको देखिन्छ।**

**त्यसैले चियाको निर्यात र उत्पादन बढाउन अब फरक रणनीति अख्तियार गर्नुपर्ने देखिएको छ। नेपाली चिया गुणस्तर भएको भनी चिया चाख्न आएका विदेशी व्यापारीले बताएको पाइए पनि निर्यात हुन नसक्नुमा केही नीतिगत र प्रविधिगत समस्या कारण हो भन्न सकिन्छ। त्यस्तै चिया किसानले सरकारलाई बारम्बार विभिन्न समस्याबारे अवगत गराउँदा त्यसको समाधान हुन सकेको देखिँदैन। त्यसैले एकीकृत व्यापार रणनीतिमा पारिएको चियाको रोपण, उत्पादन र निर्यातका लागि विशेष पहल हुनु जरुरी छ।**

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## जुन–जुलाईमा जन्मिएकाहरू सिइओ नबन्ने

कुनै पनि मानिस जन्मिएको महीनाकै आधारमा उसले कुन पद पाउँछ भनेर भविष्यवाणी गर्नु विज्ञानसम्मत त नहोला। तर, हालै गरिएको एक अध्ययनमा भने जुन र जुलाई (पूर्वीय तिथिअनुसार जेठ मध्यदेखि साउन मध्यसम्म) महीनामा जन्मिएका मानिसहरूले कम्पनीको नेतृत्वदायी पद अर्थात् प्रमुख कार्यकारी अधिकृत (सीईओ) बन्ने सम्भावना कम रहेको दाबी गरिएको छ। क्यानडाको युनिभर्सिटी अफ ब्रिटिश कोलम्बियाअन्तर्गतको साउडर स्कूल अफ बिजनेशका अनुसन्धानकर्ताहरूले गरेको उक्त अध्ययनअनुसार मार्च र अप्रिल (फागुन मध्यदेखि वैशाख मध्यसम्म)मा जन्मिएकाहरूले भने संस्थाहरूको नेतृत्व सम्हाल्ने सम्भावना सबैभन्दा बढी रहेको पाइएको छ।

अमेरिकी र क्यानडाली विद्यालयहरूले बालबालिकाहरूले किण्डरगार्टेनमा भर्ना गर्नका लागि लागू गर्ने 'कट अफ' समयले यसमा प्रमुख भूमिका खेल्ने उनीहरूको भनाइ छ। उत्तर अमेरिकी शिक्षा नीतिअनुसार किण्डरगार्टेनमा भर्ना हुन कुनै पनि बालबालिकाले ५ वर्षको उमेर पार गरेकै हुनुपर्छ। तर, एउटै सत्रमा सबै बालबालिकाको उमेर ५ वर्ष पूरा नहुने भएकाले विद्यालयहरूले सकेसम्म बढी विद्यार्थी भर्ना हुन पाऊन् भन्ने उद्देश्यले कट अफ डेट लागू गर्छन्। यसबाट जुन-जुलाईमा जन्मिएर त्यो समयमा भर्ना हुनेहरू आफ्नो कक्षामा सबैभन्दा कान्छो हुने भएकाले उनीहरूलाई अन्यको तुलनामा पढाउन र सिकाउन कठिन हुने अनुसन्धानकर्ताहरूको भनाइ छ।

**वर्ष ८, अंक १५४, बुधवार, ९ फागुन, २०६९**

# कम्पनी दर्ताको आधारभूत पक्ष

## के कस्ता कागजात आवश्यक पर्छ ?



**कम्पनी दर्ता भएपछि पब्लिक कम्पनी भए कारोबारका लागि स्वीकृति लिनुपर्छ तर प्राइभेट कम्पनी दर्ता भएकै दिनदेखि कारोबार शुरू गर्न सक्छ। कम्पनी दर्ता भएको दिनदेखि तीन महीनाभित्र शुरू विवरण पठाउनुपर्छ।**

**ज्योति दाहाल**

कुनै पनि व्यवसायलाई सङ्गठित रूपमा सञ्चालन गर्ने कम्पनी लोकप्रिय स्वरूप हो। यस्तो किसिमको स्वरूप वैदिककालदेखि नै अस्तित्वमा थियो। कम्पनी स्वरूपको प्रारूप नारदस्मृतिमा भेटिन्छ। देवर्षि नारदकृत नारदस्मृतिको चौथो अध्यायको 'सम्भूयसमुत्थान, भन्ने प्रकरणमा, वणिक्प्रभृतयो यत्र कर्म सम्भूय कुर्वते।

तत्सभूयसमुत्थानं व्यवहारपदं स्मृतम्। अर्थात् व्यक्ति (व्यापारी) मिलेर संयुक्तरूपमा कार्य (व्यापार) गर्छन्। यस्तो संयुक्त रूपमा गरिएको कार्य व्यवहारमा स्वीकार्य हुन्छ' भनेका छन्। नारदस्मृतिबाट जग हालिएको कम्पनीले अहिले व्यापकता पाएको छ। नेपालमा विक्रम संवत् १९९३ सालमा प्रधानमन्त्री श्री ३ जुद्ध शमशेरको हुकुम र कमान्डर इन चिफ पदम शमशेरको मर्जी मुताबिक कम्पनी कानून बनेको पाइन्छ। नेपाल बैंक कानून, १९९४ मार्फत नेपाल बैंक लिमिटेड स्थापना भएको थियो। कम्पनी दर्ताका आधारभूत पक्ष केके हुन् केकस्ता कागजात तयार पार्नुपर्छ, कसरी दर्ता हुन्छ भन्नेबारेमा यस आलेखमा चर्चा गरिन्छ।

### नामदर्ता प्रक्रिया

कम्पनी ऐन, २०६३ को दफा ३ मा कम्पनी दर्तासम्बन्धी व्यवस्था छ। एक व्यक्ति वा व्यक्तिको समूहले एक वा एकभन्दा बढी उद्देश्य लिई कम्पनी संस्थापना गर्न सक्छन्। दफा ३(१) अनुसार कम्पनी संस्थापना गर्नुको मूल उद्देश्य नाफा कमाउनु हो। तर, दफा ३(३) अनुसार एक वा एकभन्दा बढी उद्देश्य प्राप्तिका लागि मुनाफा वितरण नगर्ने कम्पनी पनि संस्थापना गर्न सकिन्छ। मुनाफा वितरण नगर्ने कम्पनीका बारेमा विस्तृत जानकारीका लागि (मुनाफा वितरण नगर्ने कम्पनीको अवधारणा : अन्य कम्पनीभन्दा के फरक हुन्छ ? आर्थिक अभियान, २०८२ वैशाख ३) मा चर्चा गरिएको छ। पब्लिक कम्पनी संस्थापन गर्न कम्तीमा सात जना संस्थापक हुनुपर्छ तर पब्लिक कम्पनीले अर्को पब्लिक कम्पनी दर्ता गर्न सातजना संस्थापकको आवश्यकता पर्दैन।

कम्पनी दर्ता गर्नुअघि कम्पनीको नाम दर्ता गर्नुपर्छ। एक शब्दको नाम राख्न पाइँदैन तर एक शब्दले कम्पनीको प्रकृति खुल्ने भएमा दर्ता हुनसक्छ। नाम नेपाली र अङ्ग्रेजी दुवै भाषामा राख्नुपर्छ। नेपाली नाम अङ्ग्रेजीमा उल्था गरेर राख्न पाइँदैन। जस्तो 'हिमाल कृषि विकास लिमिटेड' को अङ्ग्रेजी नाम 'माउन्टेन एग्रिकल्चर डेभलपमेन्ट लिमिटेड' राख्न पाइँदैन। अङ्ग्रेजी नाम लेख्दा रोमनमा लेख्नुपर्छ। कम्पनीको नाममा अङ्क राख्न पाइँदैन। अङ्कलाई पनि अक्षरमा लेख्नुपर्छ। नाम स्वीकृत भएको ९० दिनभित्र कम्पनी दर्ताको प्रक्रिया शुरू नगरेमा रजिस्ट्रारले नाम रद्द गर्नसक्छ। नामका सम्बन्धमा इङ्ल्यान्डको चान्सलरी अदालतले सन् १९१७ मा इरविङविरुद्ध बटरकप मार्जरिन कम्पनी लिमिटेडको मुद्दामा मिल्दोजुल्दो नामले भ्रमपूर्ण जानकारी दिने भएमा अनुमति दिन नहुने आदेश गरेको थियो। 'बटरकप डेरी' वा 'बटरकप' भनिने कम्पनीले स्कटल्याण्ड र उत्तरी इङ्ल्यान्डमा मार्जरिन (मखन) को व्यापार गर्थ्यो। पछि स्थापना भएको बटरकम मार्जरिन कम्पनी लिमिटेडले पनि उही प्रकारको व्यापार गर्न थालेपछि विवाद परी अदालतले दोस्रो कम्पनीको दर्ता बदर गरेको थियो। सोसाइटी अफ मोटर म्यानुफ्याक्चर्स ट्रेड लिमिटेडविरुद्ध मोटर म्यानुफ्याक्चर्स एन्ड ट्रेडर्स म्युचुअल इन्स्योरेन्स कम्पनी लिमिटेड, १९२५ को मुद्दामा नामले धोकाधडी र भ्रम सिर्जना गर्दैन भने अनुमति दिनसकिने निर्णय दिएको थियो।

कम्पनी निर्देशिका, २०७२ को दफा ६ अनुसार प्राकृतिक व्यक्ति वा सङ्गठित संस्था मात्र संस्थापक हुनसक्छन्। ऐनको दफा ६६ अनुसार नाबाालिग र करार गर्न अयोग्य व्यक्ति संस्थापक हुन सक्दैनन्। पब्लिक कम्पनीको चुक्ता पूँजी कम्तीमा १ करोड रुपैयाँ हुनुपर्छ तर सरकारले राजपत्रमा सूचना प्रकाशन गरेर अन्यथा व्यवस्था गरेमा त्यो लागू हुन्छ। त्यस्तै, दफा १२ अनुसार बंङ्किङ कारोबार, वित्तीय कारोबार, बीमा व्यवसायसम्बन्धी कारोबार, धितोपत्र बजारसम्बन्धी व्यवसाय, निवृत्तभरण कोष वा सामूहिक बचत कोष (म्युचुअल फन्ड) सञ्चालन गर्ने कम्पनी, ५ करोड रुपैयाँभन्दा बढी चुक्ता पूँजी भएको दूरसञ्चार सेवाप्रदायक कम्पनी वा तोकिएबमोजिमको अन्य व्यवसाय वा कारोबार सञ्चालन गर्ने कम्पनी पब्लिक कम्पनीको रूपमा संस्थापना हुनुपर्छ। प्राइभेट कम्पनी पब्लिक कम्पनीका लागि तोकिएका शर्त पूरा गरेमा पब्लिक कम्पनीमा रूपान्तरण हुनसक्छ र पब्लिक कम्पनी पनि प्राइभेट कम्पनीमा रूपान्तरण हुनसक्छ।

### कम्पनी संस्थापना

कम्पनी रजिस्ट्रार कार्यालयले नाम स्वीकृत गरेपछि कम्पनी दर्ताको प्रक्रिया शुरू गर्नुपर्छ। नेपाली र विदेशी नागरिकले कम्पनी संस्थापन गर्दा संलग्न गर्नुपर्ने कागजात केही फरक हुन्छ। नेपाली नागरिक र नेपाली नागरिकले संस्थापना गरेको कम्पनी संस्थापक भएको कम्पनी दर्ता गर्दा (१) प्रबन्धपत्र, (२) नियमावली, (३) पब्लिक कम्पनी भए कम्पनी संस्थापना गर्नुअघि संस्थापकबीच कुनै सम्झौता भएको रहेछ भने त्यस्तो सम्झौताको प्रतिलिपि, (४) प्राइभेट कम्पनी भए सर्वसम्मत सम्झौता भएको रहेछ भने त्यस्तो सम्झौताको प्रतिलिपि, (५) कानूनबमोजिम कुनै खास प्रकारको व्यवसाय वा कारोबार सञ्चालन गर्ने कम्पनी दर्ता गर्नुअघि कानूनबमोजिम कुनै निकायको पूर्वस्वीकृति वा इजाजत लिनुपर्ने व्यवस्था गरिएको भए त्यस्तो स्वीकृति वा इजाजतपत्र, (६) नेपाली नागरिक संस्थापक भएमा नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र सङ्गठित संस्था भएमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र, (७) संस्थापक बन्ने निर्णयसम्बन्धी सञ्चालक समितिको निर्णय र संस्थाको संस्थापनासम्बन्धी लिखत पेश गर्नुपर्नेछ।

विदेशी नागरिक वा निकाय संस्थापक भएमा माथि उल्लिखित सबै कागजातका अतिरिक्त (१) कानूनबमोजिम नेपालमा लगानी वा व्यवसाय वा कारोबार गर्ने सम्बन्धमा प्राप्त अनुमतिपत्र, (२) विदेशी व्यक्ति संस्थापक भएमा निज कुन मुलुकको नागरिक हो त्यस्तो प्रमाणित गर्ने लिखत र (३) विदेशी कम्पनी वा निकाय संस्थापक भएमा त्यस्तो कम्पनी वा निकायको संस्थापनाको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा संस्थापनासम्बन्धी प्रमुख लिखत पेश गर्नुपर्छ। कम्पनी दर्ता गर्दा प्रबन्ध र नियमावली मुख्य कागजात हो। तर, एकल शेयरधनी भएको कम्पनी दर्ताका लागि संस्थापकले तोकिएको नियमावलीको ढाँचा स्वीकृत गरेको मञ्जुरी दिएको भए सो अवस्थामा छुट्टै नियमावली पेश गर्नु पर्दैन। ऐनको दफा ५ अनुसार कम्पनी संस्थापना गर्न निवेदन परेपछि कम्पनी रजिस्ट्रार कार्यालयले जाँचबुझ गरी निवेदन परेको मितिले ७ दिनभित्र तोकिएको दस्तुर लिई त्यस्तो कम्पनी दर्ता गरी निवेदकलाई कम्पनी दर्ताको प्रमाणपत्र दिनुपर्छ। कम्पनी प्रशासन व्यवस्थापन सूचनाप्रणाली (कम्पनी एडमिनिस्ट्रेशन म्यानेजमेन्ट इन्फर्मेशन सिस्टम (क्यामिस) लागू हुनुअघि हस्तलिखित कागजी प्रमाणपत्र जारी हुन्थ्यो भने अहिले कम्पनी दर्तापश्चात्का सम्पूर्ण कागजात विद्युतीय हस्ताक्षर गरी अनलाइनमा प्राप्त हुन्छ।

तोकिएको समयभित्र दर्ता कम्पनी दर्ता नभएमा कार्यालयले प्रस्तावित कम्पनी दर्तावालालाई ३ दिनभित्र कारणसहितको जानकारी दिनुपर्छ। कम्पनी दर्ता नगरी कुनै व्यक्तिले 'कम्पनी' शब्द लेखी कुनै फर्म वा संस्थाको नामबाट कुनै पनि किसिमको कारोबार गर्न पाइँदैन।

ऐनको दफा ६ अनुसार (१) कम्पनीको नाम अघि दर्ता भई कायम रहेको कुनै कम्पनीको नाम वा ट्रेडमार्कको नामसँग मिल्ने भएमा वा भ्रम सृजना हुन सक्ने गरी त्यस्तो कम्पनीको नाम वा ट्रेडमार्कको नामसँग मिल्दोजुल्दो हुने भएमा, (२) कम्पनीको नाम वा उद्देश्य प्रचलित कानूनविपरीत भएमा वा सार्वजनिक हित, नैतिकता, सदाचार, शिष्टाचार आदि कुनै दृष्टिकोणले अनुपयुक्त वा अवाञ्छनीय देखिएमा वा फौजदारी कार्यको आशय झल्कने देखिएमा, (३) कम्पनीको नाम ऐनबमोजिम दर्ता खारेजीमा परेको वा प्रचलित कानूनबमोजिम दामासाहीमा परेको कम्पनीको नामसँग मिल्ने भएमा वा भ्रम सृजना हुनसक्ने गरी मिल्दोजुल्दो हुने भएमा र त्यसरी दर्ता खारेजीमा परेको वा दामासाहीमा परेको अवधि ५ वर्ष पूरा भइनसकेको भएमा यस्ता कम्पनी दर्ता गर्न कार्यालयले अस्वीकार गर्छ। यसरी कम्पनी दर्ता गर्न अस्वीकार गरेमा सोको कारणसहितको सूचना कम्पनी संस्थापना गर्न निवेदन परेको मितिले १५ दिनभित्र निवेदकलाई दिनुपर्छ। कार्यालयले कुनै कम्पनी दर्ता गर्न इन्कार गरेमा वा त्यसको सूचना नदिएमा चित्त नबुझ्ने व्यक्तिले १५ दिनभित्र अदालतमा उजुर गर्न सक्छ।

### अविच्छिन्न उत्तराधिकारी

कम्पनी अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सङ्गठित संस्था हुन्छ र यसको छुट्टै छाप हुन्छ। कम्पनीले व्यक्तिसरह चल-अचल सम्पत्ति प्राप्त गर्न, राख्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्छ। कम्पनीले आफ्नो नामबाट नालिस उजुर गर्न र कम्पनीउपर पनि सोही नामबाट नालिस उजुर लाग्नसक्छ। कम्पनीले व्यक्तिसरह करार गर्न र करारबमोजिमको अधिकार उपयोग गर्न तथा दायित्व निर्वाह गर्न पनि सक्छ। कम्पनीको कारोबारका सम्बन्धमा शेयरधनीको दायित्व निजले धारण गरेको वा धारण गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित हुन्छ, यसलाई शेयरधनीको सीमित दायित्व भनिन्छ। कम्पनी र शेयरधनीको स्वतन्त्र अस्तित्व सम्बन्धमा सन् १८९७ मा सालोमनविरुद्ध आरोन सालोमन एन्ड कम्पनी लिमिटेडको मुद्दामा हाउस अफ लर्ड्सले सिद्धान्त कायम गरेको थियो। नेपालमा पनि युनिटी इन्टरनेशनलको मुद्दामा कम्पनीलाई स्वतन्त्र अस्तित्व र शेयरधनीलाई सीमित दायित्व दिनुको कारण 'व्यावसायिक सुगमताको' लागि हो भनेको छ। (नेपाल कानून पत्रिका २०६८, निर्णय नं. ८८१४) कम्पनीले केही निश्चित शर्त पालना गर्नुपर्छ। ऐनको दफा १० अनुसार कम्पनी ऐन, प्रबन्धपत्र वा नियमावलीमा लेखिएका शर्तका अतिरिक्त (१) सम्पूर्ण काम कारोबार कम्पनीको नामबाट गर्नुपर्छ, (२) प्राइभेट कम्पनीले नामको पछाडि 'प्राइभेट लिमिटेड र पब्लिक कम्पनीले नामको पछाडि 'लिमिटेड' लेख्नुपर्छ तर मुनाफा वितरण नगर्ने कम्पनीको हकमा यो व्यवस्था लागू हुँदैन। (३) प्राइभेट कम्पनीले शेयर तथा डिबेञ्चर खुल्लारूपमा जारी गर्नु हुँदैन र (४) कम्पनीले साझेदारी वा प्राइभेट फर्म खोल्न हुँदैन।

- **एक शब्दको नाम राख्न पाइँदैन तर एक शब्दले कम्पनीको प्रकृति खुल्ने भएमा दर्ता हुनसक्छ। नाम नेपाली र अङ्ग्रेजी दुवै भाषामा राख्नुपर्छ।**
- **नाबालिग र करार गर्न अयोग्य व्यक्ति संस्थापक हुन सक्दैनन्।**
- **कम्पनीले व्यक्तिसरह चल–अचल सम्पत्ति प्राप्त गर्न, राख्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्छ।**

### प्रबन्धपत्र र नियमावली

कम्पनी दर्ता गर्न प्रबन्धपत्र अनिवार्यरूपमा तयार पार्नुपर्छ। प्रबन्धपत्र कम्पनीको सारवान मूल दस्तावेज हो। प्रबन्धपत्रमा कम्पनीका संस्थापकको पूरा नाम र ठेगाना उल्लेख गरी प्रत्येक संस्थापकले केकति शेयर लिन मञ्जुर गरेको हो त्यो समेत उल्लेख गरी संस्थापक सबैले सहीछाप गर्नुपर्छ। प्रत्येक संस्थापकको छुट्टाछुट्टै साक्षीको नाम, ठेगाना र सहीछापसमेत गर्नुपर्छ। संस्थापक हुन कम्पनीको नियमावलीमा तोकिएबमोजिम र त्यसरी नतोकिएकोमा कम्तीमा १ सय कित्ता शेयर लिन गर्न मञ्जुर गरेको हुनुपर्छ। प्रबन्धपत्रमा कम्पनीको नाम, निवास (रजिस्टर्ड कार्यालय रहने ठेगाना), व्यवसायको प्रकृति, उद्देश्य, उद्देश्य पूरा गर्न गरिने कार्य, पूँजीजस्ता आधारभूत कुरा उल्लेख हुन्छ। एउटा मुद्दा (इजिप्सियन साल्ट एन्ड सोडा कम्पनी लिमिटेडविरुद्ध पोर्ट सेड साल्ट एशोसिएशन लिमिटेड, १९३१) को मुद्दामा बेलायतको हाउस अफ लर्ड्सले प्रबन्धपत्रको सीमाका बारेमा व्याख्या गर्दै 'प्रबन्धपत्रले व्यवसायको सीमा र उपल्लो हद कहाँसम्म निर्माण हुन्छ भन्ने देखाउने आधारशिला हो। यसले साहू, शेयरधनी तथा बाहिरका अरूलाई कम्पनीको गतिविधि देखाउँछ' भनेको छ। कम्पनी सञ्चालकले उद्देश्यभन्दा बाहिर गएर निर्णय गर्न सक्दैनन् र गरेमा अमान्य हुन्छ। आशबरी रेल्वे क्यारिज एन्ड आईरन कम्पनी लिमिटेडविरुद्ध रिची, १८७५) को मुद्दामा हाउस अफ लर्डले रेल्वे क्यारिजको निर्माण, विक्री र भाडामा दिने उद्देश्यले स्थापित आशबरी कम्पनीले रेल्वे लाइन बनाउने रिची कम्पनीलाई ऋण दिने विषयमा गरेको निर्णय कम्पनीको उद्देश्यविपरीत भएको भन्दै अमान्य घोषणा गरेको थियो। प्रबन्धपत्रमा कम्पनीको नाम, निवास (रजिस्टर्ड ठेगाना), उद्देश्य, पूँजी, शेयरका किसिम, बन्देज, शेयरधनीको दायित्वजस्ता मूलभूत विषय समेटिएको हुन्छ। कम्पनी जुन देशमा दर्ता हुन्छ सोही देशको राष्ट्रियता र निवास हुन्छ।

प्रबन्धपत्रको अधीनमा रही निर्माण हुने कम्पनीको नियमावली कम्पनीको आन्तरिक व्यवस्था नियन्त्रण गर्ने दस्तावेज हो। नियमावलीमा (१) शेयरको अङ्कित मूल्य, (२) संस्थापक हुन लिनुपर्ने शेयर संख्या, (२) मतदान र मताधिकार, (३) सञ्चालक समितिको गठन, संख्या र कार्यकाल, (४) कम्पनी सचिवसम्बन्धी व्यवस्था, (५) विभिन्न वर्गका शेयर, शेयरधनीको हक, अधिकार, हस्तान्तरण तथा बन्देज, (५) अग्राधिकार शेयर, (६) विशेष प्रस्तावसम्बन्धी व्यवस्था, (७) गणपूरक संख्याजस्ता विषय नियमावलीमा समावेश हुन्छन्। शेयरको अङ्कित मूल्यको हकमा प्राइभेट कम्पनीले नियमावलीमा तोकेबमोजिम हुन्छ भने पब्लिक कम्पनीको शेयरको अङ्कित मूल्य प्रतिशेयर ५० रुपैयाँ वा १० अङ्कले भाग जाने त्योभन्दा बढी अङ्कले हुन आउने गरी प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भए बमोजिमको रकम बराबर हुन्छ। नियमावली कम्पनीको आन्तरिक कार्यविधिको एउटा दस्तावेज हो। त्यसैले कम्पनीभित्र के निर्णय भइरहेको छ वा भएको छ त्यो कुरा बाह्य व्यक्तिलाई थाहा हुँदैन। बेलायतको एक अदालत कोर्ट अफ एक्सचेकरले रोयल ब्रिटिश बैंकविरुद्ध तुरक्वान्ड (सन् १८५६) को मुद्दामा कम्पनीको आन्तरिक व्यवस्थापन (इन्डोर म्यानेजमेन्ट) कसरी भएको छ भन्ने कुरा बाह्य व्यक्ति वा कम्पनीलाई थाहा हुन्न भने निर्णय सुनाएको थियो। यसलाई तुरक्वान्ड रुल पनि भनिन्छ।

सारांशमा, माथिका विभिन्न अनुच्छेदमा उल्लिखित कागजात तयार गरेर कम्पनी दर्ता गर्न सकिन्छ। यी उल्लिखित कागजातका बारेमा भएको अदालती निर्णयको पनि संक्षेपमा चर्चा गरियो। कम्पनी दर्ता भएपछि पब्लिक कम्पनी भए कारोबारको लागि स्वीकृति लिनुपर्छ तर, प्राइभेट कम्पनी दर्ता भएकै दिनदेखि कारोबार शुरू गर्नसक्छ। कम्पनी दर्ता भएको दिनदेखि ३ महीनाभित्र शुरू विवरण पठाउनुपर्छ। यसमा ठेगानाको जानकारी, शेयर बाँडफाँड, सञ्चालक समिति गठन र शेयर लगत पठाउनुपर्छ। कम्पनी दर्ता भएको १ वर्षभित्र पहिलो वार्षिक साधारणसभा सम्पन्न गर्नुपर्छ र त्यसपछि हरेक आर्थिक वर्ष सकिएको ६ महीना अर्थात् पुस मसान्तसम्म साधारणसभा गर्नुपर्छ। साधारणसभाको निर्णयसँगै वर्षेपिच्छे दफा ५१, ८० र १११ को विवरण पेश गर्नुपर्छ। पुस मसान्त नाघेर विवरण पठाएमा जरीवाना तिर्नुपर्छ। कम्पनीले आवश्यकताअनुसार जुनसुकै बेला विशेष साधारणसभा गर्न सक्छन्। साधारणसभा नगर्ने कम्पनी भएमा शेयरधनीको निर्णय नै साधारणसभासरह हुन्छ। कुनै कारणवश खारेज नभएसम्म कम्पनी निरन्तर चलिरहन्छ।

*लेखक धितोपत्रसम्बन्धी अध्येता कर्पोरेट अधिवक्ता हुन्।*

# चीनले पृथ्वीको घुमाइमा अवरोध पुऱ्याउँदै

मान्छेको प्रगतिप्रतिको निरन्तर प्रयासले पूर्वाधार विकासमा अद्भुत उपलब्धिहरू प्राप्त भएको छ। गगनचुम्बी भवनदेखि विशाल बाँधहरूसम्म, प्राकृतिक संसारलाई परिवर्तन गर्ने हाम्रो क्षमता असाधारण रहेको छ। तर, यस्ता भव्य संरचनासँगै त्यस्ता अप्रत्याशित असरहरू पनि आउँछन्, जसले उनीहरूको नजिकको वातावरण मात्र होइन, पूरै ग्रहमा प्रभाव पार्न सक्छ।

आजको विश्वले त्यस्ता विशाल पूर्वाधारहरूको निर्माण देखिरहेको छ, जसले गुरुत्वाकर्षण र इन्जिनीयरिङका सीमाहरूलाई चुनौती दिन्छन्। दुबईको बुर्ज खलिफा, साङ्घाई टावर र साउदी अरेबियाको क्लक टावरजस्ता संरचना हाम्रो भव्यता प्राप्त गर्ने अतुलनीय प्रयासका प्रतीक हुन्। तर, यी सुन्दर संरचनाले एक गम्भीर प्रश्न उठाएका छन्, यी विशाल निर्माणले हाम्रो ग्रहमा कस्तो प्रभाव पारिरहेका छन् ? यी सबै संरचनामध्ये चीनको थ्री गर्जेज ड्याम अग्रपंक्तिमा पर्छ। हुपेई प्रान्तमा अवस्थित यो संसारकै सबैभन्दा ठूलो जलविद्युत् बाँध हो, जसले चीनको प्राकृतिक स्रोत उपयोग गर्ने र इन्जिनीयरिङ क्षमताको प्रदर्शन गर्ने महत्त्वाकांक्षालाई प्रतिबिम्बित गर्छ।

यो बाँधको प्रमुख उद्देश्य बिजुली उत्पादन भए पनि यसको महत्त्व त्यतिमा सीमित छैन। यसको विशाल आकार र भारले पृथ्वीको घुमाइमा प्रभाव पार्ने सम्भावना भएको विषयमा वैज्ञानिकहरूले लामो समयदेखि चर्चा गर्दै आएका छन्। नवीकरणीय ऊर्जा उत्पादनमा चीन विश्वकै अग्रणी देश हो। थ्री गर्जेज ड्यामले चीनको कुल ऊर्जाको केवल ३ प्रतिशतमात्र आपूर्ति गर्छ तर यसको प्रभाव ऊर्जा उत्पादनभन्दा बढी छ।

नासाले सन् २००५ मा प्रकाशित गरेको एक प्रतिवेदनअनुसार यस्तो ठूलो संरचनाले पृथ्वीको घुमाइमा परिवर्तन ल्याउन सक्छ। जब कुनै ठूलो परिमाणमा वस्तुहरूको स्थानान्तरण हुन्छ वा भूकम्प वा विशाल जलाशय भरिन्छ त्यसले पृथ्वीको घुमाइमा प्रभाव पार्न सक्छ। नासाको गोडार्ड स्पेस फ्लाइट सेन्टरका डा. बेन्जामिन फोङ चाओले स्पष्ट पारेका छन् कि गाडी चलाउनेजस्ता सामान्य क्रियाकलापले पनि पृथ्वीमा अत्यन्त सानो मात्रामा प्रभाव पार्छन्। यस हिसाबले हेर्दा थ्री गर्जेज ड्यामजस्तो विशाल जलाशयले पृथ्वीको प्राकृतिक गतिशीलतामा सूक्ष्म तर महत्त्वपूर्ण प्रभाव पार्न सक्छ, जसले हामीलाई इन्जिनीयरिङ परियोजनाहरूका सम्भावित परिणामहरूको पुनर्विचार गर्न बाध्य बनाउँछ।

यस बाँधको प्रभाव बुझ्नका लागि एक आइस स्केटरले आफ्नो हातको स्थिति परिवर्तन गरेर कसरी घुमाइको गति बदल्छ भन्ने कल्पना गर्नुहोस्। २००४ मा भएको भूकम्पले पृथ्वीको दिनलाई २ दशमलव ६८ माइक्रोसेकेन्डले छोट्याएको थियो। थ्री गर्जेज ड्यामको जलाशय पूरै भरिँदा लगभग १० दशमलव ६ ट्रिलियन ग्यालन (४० घन किलोमीटर) पानी समेटिन्छ। यस जलभारले पृथ्वीको दिनको लम्बाइ शून्य दशमलव शून्य ६ माइक्रोसेकेन्डले बढाउनेछ र पृथ्वीको आकारमा पनि सानो परिवर्तन ल्याउनेछ। अर्थात्, भूमध्यरेखामा पृथ्वी अझ गोलो र ध्रुवीय क्षेत्रमा थोरै चेप्टो हुनेछ। यस्ता परिवर्तन सानो देखिए पनि तिनीहरूले पृथ्वीको प्रणालीहरू कति संवेदनशील छन् भन्ने देखाउँछन्। मानव गतिविधिहरूको संयुक्त प्रभावले पृथ्वीको घुमाइ, मौसम प्रणाली र समग्र स्थायित्वमा ठूलो असर पार्न सक्छ। हामीले प्राकृतिक स्रोतहरूको अत्यधिक उपयोग जारी राखिरहँदा यस्ता सूक्ष्म तर महत्त्वपूर्ण पक्षहरूको गहिरो अध्ययन आवश्यक हुँदै गएको छ। मानव निर्मित संरचनाहरूले पृथ्वीमा पार्ने प्रभावप्रति चिन्ता बढ्दो छ। हामी झनै ठूलो र भारी संरचनाहरू निर्माण गर्नेतर्फ अग्रसर भइरहँदा त्यसका सम्भावित परिणामहरू बुझ्नु अत्यन्त जरुरी छ। थ्री गर्जेज ड्यामजस्ता पूर्वाधार मानव जातिले पृथ्वीमा कस्तो प्रभाव पार्न सक्छ भन्ने कुराको स्पष्ट उदाहरण हुन्।

अन्ततः हामीले आफैलाई सोध्नुपर्छ, के हामी यस्ता प्राविधिक उपलब्धिहरूसँगै आउने जिम्मेवारीहरू सम्हाल्न तयार छौं ? भविष्यमा नयाँ विकास परियोजनाहरू अगाडि बढाउँदा एउटा ठूलो प्रश्न उठ्छ, के हामी प्रगतिको खोजी र पृथ्वीको स्थायित्वको संरक्षणबीच सन्तुलन कायम गर्न सक्छौं ? नासाका वैज्ञानिक डा. बेन्जामिन फोङ चाओका अनुसार थ्री गर्जेज ड्यामको जलाशयमा ४० अर्ब घनमीटर पानी सञ्चित हुँदा पृथ्वीको घुमाइमा सूक्ष्म परिवर्तन आएको छ। यसले पृथ्वीको घुमाइको गति शून्य दशमलव शून्य ६ माइक्रोसेकेन्डले ढिलो बनाएको छ जुन सानो भए पनि मानव निर्मित संरचनाबाट भएको महत्त्वपूर्ण प्रभाव हो। थ्री गर्जेज ड्यामको निर्माणपछि याङ्त्जे नदीको वरपरको क्षेत्रमा वर्षा र सतह तापक्रममा परिवर्तन देखिएको छ। नासाको एक अध्ययनअनुसार डाबा र किनलिङ पहाडहरूबीचको क्षेत्रमा वर्षा बढेको छ र दिनको तापक्रममा करीब शून्य दशमलव ६७ डिग्री सेल्सियसले कमी आएको छ।

ड्यामको निर्माणले याङ्त्जे नदीको पारिस्थितिकीमा गम्भीर असर पारेको छ। विशेषगरी, चिनियाँ नदी डल्फिन (बाइजी) लोप भएको छ र याङ्त्जे स्टर्जनजस्ता माछाहरू संकटमा परेका छन्। ड्यामको जलाशयमा पानीको स्तर बढ्दा वरपरको क्षेत्रमा भूस्खलनको जोखिम बढेको छ। २००९ मा दुई ठूला भूस्खलन भएका थिए जसले ड्यामको प्रभाव क्षेत्रको सतहमा उल्लेखनीय परिवर्तन ल्याएको छ।

*(सस्टेनेबिलिटी टाइम्समा प्रकाशित सामग्रीबाट अनूदित)*

# हुलास फिनसर्भ हायर पर्चेज लिमिटेड

HULAS FINSERV HIRE PURCHASE LTD.
नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा लगानी गर्न इजाजत पत्र प्राप्त संस्था
केन्द्रिय कार्यालय, टेकु -१२, काठमाण्डौं
फोन नं. ०१-५३४९७३०/०१-५३४९६६९

## हायर पर्चेज कर्जा चूक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८२/०१/१७ गते)**

यस कम्पनी **हुलास फिनसर्भ हायर पर्चेज लिमिटेड** (साविक हुलास फिन सर्भ लि.) का तपसिलमा उल्लेखित हायर पर्चेज कर्जा उपभोग गर्ने ऋणीहरुले आफ्नो व्यवसाय संचालन गर्न तथा व्यक्तिगत प्रयोगको लागि लिएको सवारी साधनको कर्जाको समय समयमा यस कम्पनीलाई तिर्नु बूझाउनु पर्ने साँवा, व्याज आदि नतिरी नबूझाई कम्पनीसंग भएको ऋण कर्जा सम्बन्धि शर्त बन्देजहरु उल्लंघन गरेको र कम्पनीले लेना रकम चूक्ता गर्न पटक पटक पत्राचार गरी तारताकेता गर्दा समेत कम्पनीको कर्जा चूक्ता गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीहरुको नाममा ऋण कर्जा चुक्ता गर्न यो **३५ (पैतिस)** दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा आफूले उपभोग गरेको ऋण/कर्जा पूर्ण रुपले भुक्तान गर्नुहोला अन्यथा यस कम्पनीलाई कर्जाको सूरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको सवारी साधन/सम्पत्ति हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने **नीतिगत एवम् प्रक्रियागत व्यवस्था, २०७०** (पाचौं संशोधन, २०८२) तथा अन्य लिलाम सम्बन्धि प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी कम्पनीले लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत ऋणी व्यक्ति, ऋणी फर्म, सो को प्रोपाईटर, धितोधनीहरु र व्यक्तिगत तथा संस्थागत जमानीकर्ताहरु तथा सम्बन्धित अन्य सबैलाई जानकारी गराईन्छ। साथै तपसिलमा उल्लेखित ऋणीहरुले यो सूचना प्रकाशित भएको ३५ दिन भित्र तिर्न बूझाउन पर्ने कर्जा रकम चुक्ता भूक्तान नगरेमा धनजमानी लिखत, कर्जा तमसूक वा ऋण धनको कराररनामा अनुसार धनजमानी वापतको मालबस्तु (स.सा.) **लिलामीमा लैजाने,** ऋणी तथा व्यक्तिगत/संस्थागत जमानीकर्तालाई Willful defaulter मानी कर्जा सूचना केन्द्र लि. मार्फत **कालो सूचिमा समावेश गर्न प्रक्रिया थालनी गर्ने** तथा अन्य उपयूक्त **कानूनी उपचार खोजिने** व्यहोरा समेत यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराईन्छ।

### तपसिल

| सि.नं. | ऋणी तथा जमानतकर्ताको नाम,थर र ठेगाना: | धितो लेखिदिएको धन सम्पत्ति (स.सा.) को बिवरण तथा कर्जा शिर्षक: |
|---|---|---|
| १ | **ऋणीको नाम र ठेगाना:** श्री देविभक्त वस्तीको नाती, ईश्वरी वस्तीको छोरो, वर्ष ३६ को **श्री अर्जुन वस्ती,** (ना.प्र.प.नं ९६९३७/९७९३७, सुनसरी, जारी मिति: २०६३/०२/०१) ठेगाना: साविक इटहरी न.पा./गा.पा. वडा नं.०२, सुनसरी। हाल: इटहरी उ.म.न.पा. वडा नं.०६, सुनसरी।<br>**जमानीकर्ताको बिवरण:**<br>**१ व्यक्तिगत जमानीकर्ताको नाम तथा ठेगाना: :राम निरौला,** (ना.प्र.प.नं.:०६१०१७/१७०३६८, सुनसरी, जारी मिति : २०६०/०४/१८) ठेगाना: साविक हासपोसा गा.पा. वडा नं. ०२, सुनसरी। हाल: इटहरी उ.म.न.पा. वडा नं.०१, सुनसरी। | **बजाज पल्सर २२० सि.सि.**<br>चेसिस नं.<br>MD2A13EX6MCJ–96856<br>ईन्जिन नं.: DKXCMH-31062<br>रंग 2021/BLACK RED<br>**हायर पर्चेज कर्जा** |
| २ | **ऋणीको नाम र ठेगाना:** श्री राज कुमार श्रेष्ठको नाती, इन्द्र बहादुर श्रेष्ठ (नेवार)को छोरो, वर्ष २६ को श्री **विवेक बाबु श्रेष्ठ,** (ना.प्र.प.नं १०-०१-७३-००६९८, संखुवासभा, जारी मिति: २०७३/०३/०९) ठेगाना: साविक सित्तलपाटी न.पा./गा.पा. वडा नं.०७, संखुवासभा। हाल: खाँदवारी न.पा./गा.पा. वडा नं.११, संखुवासभा।<br>**जमानीकर्ताको बिवरण:**<br>**१ व्यक्तिगत जमानीकर्ताको नाम तथा ठेगाना: :रोषन कुमार श्रेष्ठ,** (ना.प्र.प.नं.:६२७८/७२, संखुवासभा, जारी मिति : २०५८/०५/२५) ठेगाना: साविक खाँदवारी न.पा./गा.पा. वडा नं. ०१, संखुवासभा। हाल: खाँदवारी न.पा./गा.पा. वडा नं.०१, संखुवासभा। | **बजाज पल्सर २०० सि.सि.**<br>चेसिस नं.<br>MD2A36FXXMCF–92636<br>ईन्जिन नं.: JLXCMF-13009<br>रंग 2021/SILVER<br>**हायर पर्चेज कर्जा** |
| ३ | **ऋणीको नाम र ठेगाना:** श्री राम बहादुर कटुवालको नाती, गजेन्द्र बहादुर कटुवालको छोरो, वर्ष २५ को **श्री सन्जिप कटुवाल,** (ना.प्र.प.नं १०-०१-७४-००३२५, संखुवासभा, जारी मिति: २०७४/०२/०८) ठेगाना: साविक खाँदबारी न.पा./गा.पा. वडा नं.०९, संखुवासभा। हाल: खाँदबारी गा.पा./न.पा. वडा नं.०९, संखुवासभा।<br>**जमानीकर्ताको बिवरण:**<br>**१ व्यक्तिगत जमानीकर्ताको नाम तथा ठेगाना: :समिता बोहोरा** (ना.प्र.प.नं.:१०३००१/५१२, संखुवासभा, जारी मिति : २०६३/११/२९) ठेगाना: साविक खाँदबारी न.पा./गा.पा. वडा नं. १३, संखुवासभा। हाल: खाँदबारी न.पा./गा.पा. वडा नं.१३, संखुवासभा। | **बजाज पल्सर २०० सि.सि.**<br>चेसिस नं.<br>MD2A36FX2MCJ–99408<br>ईन्जिन नं.: JEXCMJ-26418<br>रंग 2022/WHITE<br>**हायर पर्चेज कर्जा** |
| ४ | **ऋणीको नाम र ठेगाना:** श्री बिष्णु बहादुर थापाको नाती, श्री पदम बहादुर थापाको छोरो, वर्ष २४ को **श्री अतिस थापा,** (ना.प्र.प.नं ६६-०१-७४-०२००५, बाँके, जारी मिति: २०७४/०४/०८) ठेगाना: साविक नेपालगञ्ज उ.म.न.पा. वडा नं.१३, बाँके। हाल: नेपालगञ्ज उ.म.न.पा. वडा नं.१३, बाँके। | **बजाज पल्सर २०० सि.सि.**<br>चेसिस नं.<br>MD2A36FY8KCH–83725<br>ईन्जिन नं.: JLYCKH-28710<br>रंग 2019/WHITE<br>**हायर पर्चेज कर्जा** |
| ५ | **ऋणीको नाम र ठेगाना:** श्री पदम बहादुर थापाकी नातीनी, श्री मिन बहादुर थापाकी छोरी, वर्ष ५५ की **श्री सरिता कुमारी थापा,** (ना.प्र.प.नं २६१५, चितवन, जारी मिति: २०४३/०३/०६) ठेगाना: साविक पंचकन्या न.पा./गा.पा. वडा नं.०३, चितवन। हाल: रत्ननगर न.पा./गा.पा. वडा नं.१०, चितवन।<br>**जमानीकर्ताको बिवरण:**<br>**१ व्यक्तिगत जमानीकर्ताको नाम तथा ठेगाना: :कबिन चौधरी,** (ना.प्र.प.नं.:३५-०१-७५-०७८३१, चितवन, जारी मिति : २०७५/०७/१९) ठेगाना: साविक खैरहनी न.पा./गा.पा. वडा नं. ०९, चितवन। हाल: खैरहनी न.पा./गा.पा. वडा नं.०९, चितवन। | **बजाज पल्सर १२५ सि.सि.**<br>चेसिस नं.<br>MD2B64BY3LPH–03036<br>ईन्जिन नं.: DHYRLH-64652<br>रंग 2020/WHITE<br>**हायर पर्चेज कर्जा** |
| ६ | **ऋणीको नाम र ठेगाना:** श्री डंडा प्रसाद न्यौपानेको नाती, श्री एकदेव न्यौपानेको छोरो, वर्ष **३४ को श्री मनिष न्यौपाने,** (ना.प्र.प.नं ४४१००९/१९९, गोरखा, जारी मिति: २०६५/०३/३१) ठेगाना: घैरुङ न.पा./गा.पा. वडा नं.०६, गोरखा। हाल: रत्ननगर न.पा./गा.पा. वडा नं.१०, चितवन।<br>**जमानीकर्ताको बिवरण:**<br>१ व्यक्तिगत जमानीकर्ताको नाम तथा ठेगाना: :नेत्र प्रसाद पन्त, (ना.प्र.प.नं.:५०९१८, गोरखा, जारी मिति : २०५२/१०/०९) ठेगाना: साविक फुजेल न.पा./गा.पा. वडा नं. ०७, गोरखा। हाल: रत्ननगर न.पा./गा.पा. वडा नं.१२, चितवन। | **बजाज पल्सर १५० सि.सि.**<br>चेसिस नं.<br>MD2A11CX6MPF–03008<br>ईन्जिन नं.: DHXRMF-50913<br>रंग 2021/MATT SPARKLE BLACK<br>**हायर पर्चेज कर्जा** |
| ७ | **ऋणीको नाम र ठेगाना:** श्री पृथ्वी बहादुर बुढाथोकीको नाती, श्री खडक बहादुर बुढाथोकीको छोरो, वर्ष ४७ को श्री राम बहादुर बुढाथोकी, (ना.प्र.प.नं ६१५८/३५१, संखुवासभा, जारी मिति: २०५८/०९/०६) ठेगाना: साविक सिद्धपोखरी न.पा./गा.पा. वडा नं.०१, संखुवासभा। हाल: चैनपुर न.पा. वडा नं.०४, संखुवासभा।<br>**जमानीकर्ताको बिवरण:**<br>**१ व्यक्तिगत जमानीकर्ताको नाम तथा ठेगाना: :प्रेम कुमार शेर्पा,**(ना.प्र.प.नं.:१०२०२६/१०१४,संखुवासभा, जारी मिति : २०६६/०५/१०) ठेगाना: साविक सिद्धकाली न.पा./गा.पा. वडा नं. ०३, संखुवासभा। हाल: सिद्धकाली न.पा./गा.पा. वडा नं.०३, संखुवासभा। | **बजाज पल्सर २०० सि.सि.**<br>चेसिस नं.<br>MD2A36FX4MCH–94957<br>ईन्जिन नं.: JLXCMH-90908<br>रंग 2022/RED<br>**हायर पर्चेज कर्जा** |
| ८ | **ऋणीको नाम र ठेगाना:** श्री लक्ष्मी प्रसाद बास्तोलाको नाती, श्री गंगा बहादुर बास्तोलाको छोरो, वर्ष ३१ को **श्री सुशिल बास्तोला,** (ना.प्र.प.नं ३५१०१४/१६४, चितवन, जारी मिति: २०६८/०१/२२) ठेगाना: साविक शक्तिखोर न.पा./गा.पा. वडा नं.०४, चितवन। हाल: कालिका न.पा. वडा नं.०८, चितवन।<br>**जमानीकर्ताको बिवरण:**<br>**१ व्यक्तिगत जमानीकर्ताको नाम तथा ठेगाना: :दोष बहादुर बास्तोला,**(ना.प्र.प.नं.:६३७, चितवन, जारी मिति : २०५५/०८/२३) ठेगाना: साविक शक्तिखोर न.पा./गा.पा. वडा नं. ०४, चितवन। हाल: कालिका न.पा. वडा नं.०८, चितवन। | **बजाज पल्सर १५० सि.सि.**<br>चेसिस नं.<br>MD2A11CY8MPK–74868<br>ईन्जिन नं.: DHYRMK-80780<br>रंग 2021/ EBONY BLACK<br>**हायर पर्चेज कर्जा** |
| ९ | **ऋणीको नाम र ठेगाना:** श्री जगत बहादुर प्रजाको नाती, श्री कृष्ण बहादुर प्रजाको छोरो, वर्ष ३१ को **श्री किरण चेपाङ,** (ना.प्र.प.नं ३५१०१७/७६१, चितवन, जारी मिति: २०६९/०८/२१) ठेगाना: साविक सिद्धि गा.पा. वडा नं.०५, चितवन। हाल: कालिका न.पा. वडा नं.११, चितवन।<br>**जमानीकर्ताको बिवरण:**<br>**१ व्यक्तिगत जमानीकर्ताको नाम तथा ठेगाना: :काशी राम प्रजा,** (ना.प्र.प.नं.:३९६३५, चितवन, जारी मिति : २०६४/१२/११) ठेगाना: साविक सिद्धि न.पा./गा.पा. वडा नं. ०५, चितवन। हाल: कालिका न.पा. वडा नं.११, चितवन। | **बजाज पल्सर १५० सि.सि.**<br>चेसिस नं.<br>MD2A11CY6LPG–57701<br>ईन्जिन नं.: DHYRLG-62288<br>रंग 2020/BLACK BLUE<br>**हायर पर्चेज कर्जा** |
| १० | **ऋणीको नाम र ठेगाना:** श्री लिलाधर शर्माको नाती, श्री विष्णुहरी देवकोटाको छोरो, वर्ष ३१ को **श्री उज्जवल देवकोटा,** (ना.प्र.प.नं ३५१०२०/२८३०, चितवन जारी मिति: २०६८/१२/१०) ठेगाना: साविक रत्ननगर न.पा./गा.पा. वडा नं.०६, चितवन। हाल: रत्ननगर न.पा. वडा नं.०९, चितवन।<br>**जमानीकर्ताको बिवरण:**<br>**१ व्यक्तिगत जमानीकर्ताको नाम तथा ठेगाना: :सुमन पौडेल,** (ना.प्र.प.नं.:३५१०२०/४५५२, चितवन, जारी मिति : २०७०/०७/२५) ठेगाना: साविक रत्ननगर न.पा./गा.पा. वडा नं. ०५, चितवन। हाल: रत्ननगर न.पा. वडा नं.०८, चितवन। | **बजाज पल्सर २२० सि.सि.**<br>चेसिस नं.<br>MD2A13EY1KCH–96600<br>ईन्जिन नं.: DKYCKH-58277<br>रंग 2020/BLACK BLUE<br>**हायर पर्चेज कर्जा** |
| ११ | **ऋणीको नाम र ठेगाना:** श्री गम्भिर सिंह राईको नाती, श्री गर्ज बहादुर राईको छोरो, वर्ष ४३ को **श्री मोतिलाल राई,** (ना.प्र.प.नं ४९६९/२३, संखुवासभा, जारी मिति: २०५७/१०/०६) ठेगाना: साविक याफु न.पा./गा.पा. वडा नं.०२, संखुवासभा। हाल: सिलीचोङ न.पा./गा.पा. वडा नं.०५, संखुवासभा।<br>**जमानीकर्ताको बिवरण:**<br>**१ व्यक्तिगत जमानीकर्ताको नाम तथा ठेगाना: :धिरज राई,** (ना.प्र.प.नं.:१११५९/३११०, संखुवासभा, जारी मिति : २०६०/०५/१५) ठेगाना: साविक याफु न.पा./गा.पा. वडा नं. ०२, संखुवासभा। हाल: सिलीचोङ न.पा./गा.पा. वडा नं.०५, संखुवासभा। | **बजाज पल्सर १५० सि.सि.**<br>चेसिस नं.<br>MD2A11CXXMPF–03481<br>ईन्जिन नं.: DHXRMF-52523<br>रंग 2021/ MATT SPARKLE BLACK<br>**हायर पर्चेज कर्जा** |
| १२ | **ऋणीको नाम र ठेगाना:** श्री बम बहादुर विष्टको नाती, श्री भेष बहादुर विष्टको छोरो, वर्ष ३५ को **श्री मुकुन्द विष्ट,** (ना.प्र.प.नं ०९-१९५-१२२०७-२३०७, भोजपुर, जारी मिति: २०६३/०१/२४) ठेगाना: साविक षडानन्द न.पा./गा.पा. वडा नं.०१, भोजपुर। हाल: षडानन्द न.पा./गा.पा. वडा नं.०१, भोजपुर।<br>**जमानीकर्ताको बिवरण:**<br>**१ व्यक्तिगत जमानीकर्ताको नाम तथा ठेगाना: :राम घिमिरे,** (ना.प्र.प.नं.:०९-०२-७५-०११००, भोजपुर, जारी मिति : २०७५/११/१२) ठेगाना: साविक षडानन्द न.पा./गा.पा. वडा नं. ०२, भोजपुर। हाल: षडानन्द न.पा. वडा नं.०२, भोजपुर। | **बजाज पल्सर १५० सि.सि.**<br>चेसिस नं.<br>MD2A11CX5MPF–03677<br>ईन्जिन नं.: DHXRMF-52423<br>रंग 2021/BLACK RED<br>**हायर पर्चेज कर्जा** |
| १३ | **ऋणीको नाम र ठेगाना:** श्री ओमकार पुरीको नाती, श्री कमल पुरीको छोरा, वर्ष **४३ को श्री सन्तोष पुरि,** (ना.प्र.प.नं १४४१/०४४ चितवन, जारी मिति: २०५७/०३/२०) ठेगाना: साविक रत्ननगर न.पा./गा.पा. वडा नं.०८, चितवन। हाल: रत्ननगर न.पा. वडा नं.१०, चितवन।<br>**जमानीकर्ताको बिवरण:**<br>**१ व्यक्तिगत जमानीकर्ताको नाम तथा ठेगाना: :सावित्रा पुरी,** (ना.प्र.प.नं.:३८-०१-०६७-०५४६१, कपिलबस्तु, जारी मिति : २०६७/०४/२३) ठेगाना: साविक तिलौराकोट न.पा./गा.पा. वडा नं. ०४, कपिलवस्तु। हाल: रत्ननगर न.पा. वडा नं.१०, चितवन। | **बजाज पल्सर १५० सि.सि.**<br>चेसिस नं.<br>MD2A11CY1LPH–63937<br>ईन्जिन नं.: DHYRLH-68880<br>रंग 2020/EBONY RED<br>**हायर पर्चेज कर्जा** |
